दक्षिण कोरियाली राष्ट्रपतिलाई दोस्रो पटक सम्मन जारी | पृष्ठ ६ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक २०८ • २०८१ साल पुस ९ गते मंगलबार (24 December, Tuesday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।–

## मधेश सरकार खुल्ला प्रतिस्पर्धाबाट पछि हट्दै

# प्रदेश सरकारबाट सर्वसम्मत पारित बजेट र नीति उल्टाइने तयारी

**प्रमोद रंगीले**

जनकपुरधाम । मधेश प्रदेश सरकारले नीति तथा कार्यक्रम र बजेटमा व्यवस्था गरेको खुल्ला प्रतिस्पर्धाबाट सरकार पछि हटन थालेको छ ।

सरकारको नीति तथा कार्यक्रममा विकास निर्माणको कार्य खुल्ला प्रतिस्पर्धाबाट गरिने उल्लेख छ ।खुल्ला प्रतिस्पर्धाबाट नहुने काम पालिकाको मार्फत गर्ने प्रावधान राखिएको छ ।

बजेट वक्तव्यको १ सय ४७ नम्बर बुँदामा पनि यस्तै प्रावधान राखिएको छ ।उपभोक्ता समिति मार्फत काम हुँदा सरकारको चर्को आलोचना हुने गरेको थियो ।वर्तमान सरकारको नेतृत्व गरिरहेको जनमत पार्टीले पनि जनता समाजवादी पार्टी(जसपा)नेपाल नेतृत्वको सरकारले योजनाहरु उपभोक्ता मार्फत बेचेको आरोप लगाएका थिए ।

विगतको गल्तीलाई सच्याउने भन्दै मुख्यमन्त्री सतीश कुमार सिंहले उपभोक्ताबाट विकास निर्माणको कार्य नगरी खुल्ला प्रतिस्पर्धा (टेण्डर प्रकृया)बाट गर्ने सरकारको नीति तथा कार्यक्रम र बजेटमा समेत व्यवस्था गरेको हो ।

तर सरकारले प्रत्यक्ष रुपमा कमिसन आउने बाटो भिक्दै टेण्डर प्रकृयाबाट गरिने काम र पालिकाको मार्फत विकास निर्माणको बजेट खर्च गर्न पछि हटेको हो ।

प्रदेश सभाबाट सरकारको नीति तथा कार्यक्रम र बजेट सर्वसम्मतिबाट पारित भएको थियो ।तर अब टेण्डर मार्फत र पालिका मार्फत खर्चिन बजेटलाई मन्त्रालयहरुले सोझै खर्च गर्ने बाटोको खोजी भइरहेको छ ।

प्रदेश सरकारले पुरक बजेट ल्याएर भए पनि मन्त्रालय मार्फत सोझै काम गर्ने प्रयास गरिरहेको छ ।पुसको पहिलो हप्ता बितिसक्दा पनि प्रदेश सरकारको योजनाहरु कार्यान्वयन हुन सकेको छैन् ।सरकारले बजेट र नीति तथा कार्यक्रम बमोजिम काम थालेको भए हाल सम्म पालिका र टेण्डर प्रकृयाबाट अधिकांश योजनाहरु अगाडि बढिसक्ने थियो ।

> 'आफ्नै हात जगनाथ' गर्न सरकारले रातो किताबमा उल्लेखित योजनाहरुको कार्यान्वयनमा समेत चासो देखाएको छैन् ।सरकारले जसरी भएपनि सोझै बजेट खर्च गर्न प्रयासरत छ ।अर्थ मन्त्रालयले कार्यविधि संशोधन गरे पनि सरकारको नीति तथा कार्यक्रम र बजेट वक्तव्य नै घाँडो बनेको छ ।बिगतको सरकारको भन्दा वर्तमान सरकारको अवस्था निकै कमजोर देखिएको छ ।

तर 'आफ्नै हात जगनाथ ' गर्न सरकारले रातो किताबमा उल्लेखित योजनाहरुको कार्यान्वयनमा समेत चासो देखाएको छैन् ।सरकारले जसरी भएपनि सोझै बजेट खर्च गर्न प्रयासरत छ ।अर्थ मन्त्रालयले कार्यविधि संशोधन गरे पनि सरकारको नीति तथा कार्यक्रम र बजेट वक्तव्य नै घाँडो बनेको छ ।बिगतको सरकारको भन्दा वर्तमान सरकारको अवस्था निकै कमजोर देखिएको छ ।

जनमत पार्टीका सतीश कुमार सिंहको नेतृत्वमा रहेको प्रदेश सरकारले जनअपेक्षा अनुसार कामकाज गर्न सकेको छैन् ।विकास निर्माणको कार्यलाई नै ठप्प पारेको छ ।सरकारले अन्तिम समयमा प्रदेश सभामा संकल्प प्रस्ताव ल्याएर भए पनि खुल्ला प्रतिस्पर्धा र पालिकाको मार्फत हुने कामलाई छल्ने देखिन्छ ।

मधेश प्रदेशमा सरकार रहेको अनुभूति मुख्यमन्त्री सिंहले गराउन सकेका छैनन् ।प्रदेशमा बाढीबाट जनधनको क्षति भए पनि हाल सम्म राहत उपलब्ध गराएको छैन् ।किसानले मल पाएको छैन् ।जनमत पार्टीले किसानलाई सहज रुपमा मल र बीउ उपलब्ध गराउन सडक आन्दोलन गरेको थियो ।तर उनकै पार्टी नेतृत्वको सरकारले मल कालोबजारी गरेको आरोप लागेको छ ।

पुस महिनाको पहिलो हप्ता बितिसक्दा प्रदेश सभा चलाउने चाँजोपाँजो समेत मिलाएको छैन् ।सरकारको अधिकांश समय बजेट स्वयं खर्च गर्नेमा खर्च भइरहेको छ ।

सरकारको कामकाजमा भइरहेको ढिलाइप्रति जनमत पार्टीमै आक्रोश छ ।जनमत पार्टी संसदीय दलका नेता महेश प्रसाद यादवको सकृयतामा गत महिना बसेको सत्तारुढ दलका नेताहरुको बैठकले जनताले प्रत्यक्ष अनुभूति गर्ने कामकाजहरुलाई प्राथमिकतामा राखेर अगाडि बढाउने निर्णय गरेको थियो ।मुख्यमन्त्री सिंह बैठकमा अनुपस्थित रहेकाले उनी समेतलाई राखेर अर्को बैठक गर्ने सहमति भए पनि हाल सम्म बैठक बस्न सकेको छैन् ।

प्रदेश सरकारका युवा तथा समाजिक कल्याण मन्त्री प्रमोद जयसवालले मन्त्रालयको रकम गैरसरकारी संस्था मार्फत गोष्ठीमा खर्च देखाएर कुमल्याउन थालेका छन् ।पर्सा जिल्लामा उनले चलाएको एनजीओ अहिले पनि सकृय छ ।मन्त्री जयसवालमाथि गोष्ठीको नाममा आर्थिक अनियमितता गरिरहेको आरोप एमाले पार्टी भित्र पनि लागिरहेको छ ।गोष्ठीको नाममा रकम खर्च गरेर कमिसन खानेमा अन्यपनि केही मन्त्रीहरु रहेको बताइन्छ ।

## विश्वविद्यालयका कर्मचारीले पाँच महिनादेखि तलब पाएनन्



**टुडे समाचारदाता**

राजविराज । मधेश कृषि विश्वविद्यालयका कर्मचारीले पाँच महिना देखि तलब पाउन सकेका छैनन् । शिक्षा तथा संस्कृति मन्त्री नेतृत्वमा रहेको सिनेटको बैठक बस्न नसक्दा आर्थिक वर्ष २०८१/०८२ को आर्थिक कारोबार ठप्प हुँदा विश्वविद्यालयको सो स्थिति भएको छ ।

सिनेट बैठकबाट बजेट पास नहुँदा ५ महिनादेखि कर्मचारीहरुले तलबभत्ता नपाएको, प्रशासनिक खर्च अभावले सम्पूर्ण कामकाज प्रभावित हुन पुगेको विश्वविद्यालयका उप-प्राध्यापक रमानन्दन यादवले बताए । उनले भदौ महिनादेखि तलव नपाउँदा विश्वविद्यालयका उपकुलपति, रजिस्टारसहित १९ जनाले चरम आर्थिक समस्या भेल्न बाध्य भएको जानकारी दिए ।

सिनेट बैठकबाट विश्वविद्यालयका लागि बजेट स्वीकृत नहुँदा पठनपाठनसहित पानी, विजुली,घरभाडा, टेलिफोन, इन्धन, पठनपाठनका लागि आवश्यक सामग्रीहरुको अभावले विश्वविद्यालयको अवस्था लथालिङ्ग हुन गएको उप-प्राध्यापक यादवले बताए ।

उनका अनुसार विश्वविद्यालयका उपकुलपति १, रजिस्टार १, उपप्रध्यापक ८, कम्प्युटर अपरेटर १, प्रशासन सहायक १, नासु १, कार्यालय सहयोगी ४ र सवारी चालक २ गरी १९ जनाले पाँच महिनादेखि तलवभत्ता पाएका छैनन् ।

गत आर्थिक वर्षमा प्रदेश सरकारले ३० करोड विनियोजन गरिरहँदा चालु आर्थिक वर्षमा मुख्यमन्त्री सतीस कुमार सिंह नेतृत्वको सरकारले १० लाख बजेटमा सीमित गरेर विश्वविद्यालय नै सिध्याउने नियत प्रदर्शन गरेको स्थानीय राजनीतिक दलहरुले आरोप लगाउँदै आएको छ ।

## लामिछाने निलम्बित

**टुडे समाचारदाता**

काठमाण्डु । सहकारी संस्थाको करोडौ रुपैयाँ अपचलन गरेको अभियोग लागेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति एवं पूर्व उपप्रधान एवं गृहमन्त्री रवि लामिछाने सांसद पदबाट निलम्बित भएका छन् । संघीय संसद् सचिवालयले सोमवार सूचना जारी गर्दै लामिछाने पदबाट निलम्बित भएको जानकारी गराएको छ ।

संसद् सचिवालयले जारी गरेको सूचनामा भनिएको छ ' सम्पत्ति शुद्धिकरण (मनी लाउन्डरिङ) निवारण ऐन , २०६४ को दफा २७ अनुसार थुनामा रहेको अवधिभर र निज उपर दफा २२ बमोजिम मुद्दा दायर भएकोमा सो मुद्दाको किनारा नभएसम्म त्यस्तो कर्मचारी, पदाधिकारी वा राष्ट्रसेवक स्वतः निलम्बन भएको मानिनेछ भन्ने व्यवस्था रहेकाले सो कानुनी व्यवस्थाको प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ ।'

उनी चितवन जिल्लाको निर्वाचन क्षेत्र नम्बर २ बाट निर्वाचित सांसद हुन् । उनी कात्तिक २ गते काठमाण्डुबाट पक्राउ परेका थिए । लामिछानेको संसद पद निलम्बन भएपछि पार्टीमा कार्यबाहक सभापतिको जिम्मेवारी डोलप्रसाद अर्यालय( डी पी )लाई दिएको छ ।

आइतवार लामिछानेविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय कास्कीले सम्पत्ति शुद्धिकरण, संगठित अपराध र सहकारी ठगीसमेतमा गरी तीनवटा मुद्दा दायर गरेको थियो ।






# रास्वपा सभापति लामिछानेसहितका प्रतिवादीका अदालतमा बयान सुरु



गण्डकी । सहकारी ठगीका आरोपित राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति एवं पूर्वगृहमन्त्री रवि लामिछानेसहित पाँच प्रतिवादीको सोमबारदेखि जिल्ला अदालत कास्कीमा बयान सुरु भएको छ।

यसअघि आइतबार जिल्ला सरकारी वकिलको कार्यालय, कास्कीले लामिछानेसहित ३१ जनाविरुद्ध सहकारी ठगीमा मुद्दा दायर गरेको थियो।

लामिछानेमाथि सहकारी ठगीसँगै सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरण कसुरमासमेत मुद्दा दायर भएको छ।

जिल्ला अदालत कास्कीका सूचना अधिकारी सुरज अधिकारीले लामिछाने, छविलाल जोशीसहित अदालतमा उपस्थित गराइएका पाँच जना प्रतिवादीको बयान सुरु जानकारी दिनुभयो । "गोलामार्फत इजलासको टुङ्गो लागेपछि प्रतिवादीहरुको बयान सुरु हुन्छ, बयान सकिएपछि मात्र थुनछेकको आदेश हुन्छ", उहाँले भन्नुभयो । सरकारी वकिलको कार्यालयले पोखराको सूर्यदर्शन सहकारीको रकम ठगी प्रकरणमा अहिलेसम्म ६३ जनाविरुद्ध जिल्ला अदालत कास्कीमा मुद्दा दायर गरिएको जनाएको छ।

लामिछानेसहित १९ जनाविरुद्ध सङ्गठित अपराधमासमेत मुद्दा चलाइएको जिल्ला सरकारी वकिलको कार्यालय, कास्कीका सहायक जिल्ला न्यायाधिवक्ता शान्तिदेवी शर्माले जानकारी दिनुभयो । यस्तै लामिछानेसँगै रामबहादुर खनाल, छविलाल जोशी र लीला पछाइविरुद्ध सम्पत्ति शुद्धीकरणमा मुद्दा दायर गरिएको उहाँले बताउनुभयो।

लामिछानेमाथि सम्पत्ति शुद्धीकरणमा रु २७ करोड ८९ लाख ४४ हजार सात सय बिगो दाबीसहित मुद्दा दर्ता गरिएको हो । रु ७४ करोड ३४ लाख ७१ हजार बढी बिगो दाबी गरी छविलाल जोशीविरुद्ध सम्पत्ति शुद्धीकरण कसुरमा मुद्दा दायर गरिएको हो। प्रतिवादी खनालसँग रु १४ करोड ३० लाख ९१ हजार नौ सय ११ र पछाइसँग रु २४ करोड ६७ लाख सात हजार २४ बिगो दाबी गरिएको सहायक जिल्ला न्यायाधिवक्ता शर्माले जानकारी दिनुभयो।

सहकारी ठगीतर्फ लामिछानेलाई रु तीन करोड ३७ लाख ६५ हजार र जोशीविरुद्ध रु पाँच करोड २६ लाख ६५ हजार र दीपेश पुनसँग रु दुई करोड १४ लाख आठ हजार आठ सय ४३ बिगो माग गरिएको छ । सहकारी ठगीका आरोपित अन्य व्यक्तिलाई पनि कसुरअनुसारको बिगो र सजायको मागसहित मुद्दा दर्ता गरिएको सरकारी वकिलको कार्यालयले जनामएको छ । सहकारीको बचत रकम अपचलन गरेको आरोपमा सभापति लामिछाने गत कात्तिक २ गते काठमाडौँबाट पक्राउ पर्नुभएको थियो ।रासस

# पत्रकारिताको धर्म नैतिक इमान्दारिता अक्षुण्ण राख्नु हो : प्रथम राष्ट्रपति डा यादव

काठमाण्डु । प्रथम राष्ट्रपति डा रामवरण यादवले पत्रकारिताको पेसागत व्यावसायिक मर्यादा र गरिमालाई कायम राख्न पत्रकारले आफ्नो धर्म र नैतिक इमान्दारितालाई अक्षुण्ण राख्न सक्नुपर्ने बताउनुभएको छ।

नेपाल पत्रकार महासङ्घ प्रतिष्ठान प्रदेशको तेस्रो पद हस्तान्तरण कार्यक्रमका अवसरमा यहाँ आयोजित 'पत्रकार भइरहन कति सहज ?' विषयक अन्तरक्रियामा उहाँले पत्रकारिताको धर्म र नैतिकतालाई व्यवस्थित गरेर लैजान सकेको खण्डमा सिङ्गो पत्रकारिताको माध्यमबाट लोकतन्त्र र प्रजातन्त्र सुदृढ हुने विश्वास व्यक्त गर्नुभयो।

"पत्रकारले आफ्नो व्यावसायिक धर्म छाड्नु हुँदैन । नकि पत्रकार, चिकित्सक, वकिल र राजनीतिकर्मी सबै आफू जहाँ छौँ आ-आफ्नो धर्म निर्वाह गर्नुपर्छ यसबाटै देश र समाजको बृहत्तर हित हुन्छ", प्रथम राष्ट्रपति डा यादवले भन्नुभयो, "आजको दुनियाँमा नैतिकताको ह्रास भइरहेको छ । यस्तो बेलामा पत्रकारको आफ्नो धर्म छ । तपाइँहरू जहाँ हुनुहुन्छ । व्यावसायिक धर्म नछोड्नुस् ।"

पत्रकार देश र समाजको प्रतिनिधित्व गर्ने वर्ग भएकाले पेसागत दायित्व र नैतिक इमान्दारिता कायम गरेर अघि बढ्नुपर्नेमा उहाँले जोड दिनुभयो।

उहाँले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा समावेशी चरित्रको संविधान बनेको भन्दै यसको संरक्षण र प्रवर्द्धन गर्न सबै क्षेत्रको उत्तिकै दायित्व हुने उल्लेख गर्नुभयो।




एक अर्को प्रसङ्गमा प्रथम राष्ट्रपति डा यादवले आज संसारमा प्रजातन्त्रको क्षयीकरण भइरहेको सन्दर्भमा आफू विद्यार्थी राजनीति, चिकित्सा पेसा र पछिल्लो पदीय जिम्मेवारीमा रहदाँ करिब ८३ वर्षको उमेरमा लोकतन्त्रमाथि खतरा छभन्दा असाध्यै दुःख लाग्ने गरेको सुनाउनुभयो। उहाँले संविधानको सफल कार्यान्वयनका लागि सानातिना गुनासालाई सम्बोधन गरेर सचेतनापूर्वक अगाडि बढ्नुपर्ने धारणा राख्नुभयो।

कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा मीनेन्द्र रिजालले व्यावसायिक र जिम्मेवार पत्रकारिताको विकास गर्नेतर्फ महासङ्घ क्रियाशील हुनुपर्नेमा जोड दिनुभयो । नेता रिजालले सातबुँदे सहमतिको भावनाअनुरूप सरकार सफल रूपमा अघि बढ्नुपर्ने बताउनुभयो । उहाँले यथेष्ट सहमतिका साथ देखिएका निराशालाई चिर्दै सबै राजनीतिक दलसँगको सहमतिमा संविधान संशोधनको प्रक्रिया अगाडि बढाइनुपर्ने खाँचो औँल्याउनुभयो।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का उपमहासचिव जनार्दन शर्माले पत्रकारिता व्यावसायिक पत्रकारिताको विकास र अभिव्यक्ति स्वतन्त्रताको विस्तार मात्र नभई नागरिकमा सचेतना र सकारलाई खबरदारी गर्ने महत्त्वपूर्ण माध्यम रहेको भन्दै यसको महत्त्व र प्रतिष्ठालाई जोगाउन स्वयम् पत्रकार जिम्मेवार हुनुपर्नेमा जोड दिनुभयो।

उहाँले लोकतन्त्रमा पत्रकारिता समाजको निरन्तर आन्दोलन भएको भन्दै लोकतन्त्रलाई गति दिन आत्माका रूपमा पत्रकारिताले काम गरिरहेको बताउनुभयो।

नेपाल पत्रकार महासङ्घका नवनिर्वाचित अध्यक्ष निर्मला शर्माले प्रेस तथा अभिव्यक्ति स्वतन्त्राको संरक्षणका साथै श्रमजीवी पत्रकारको पेसागत र व्यावसायिक मुद्दा प्राथमिकतासाथ उठाउने विश्वास व्यक्त गर्नुभयो । पछिल्लो समय पत्रकारको समाचारसँगको पहुँच सङ्कुचन भइरहेको र त्यसमा सरकार, राजनीतिक दलले सूचना प्रणालीलाई चुस्त र दुरूस्त बनाउनुपर्ने अपरिहार्य भएको उहाँले उल्लेख गर्नुभयो।

महासङ्घका पूर्वअध्यक्ष बिपुल पोखरेलले महासङ्घलाई सशक्त बनाउन र लेख्ने पत्रकारको संस्थाका रूपमा विकास गर्न प्रतिष्ठान प्रदेश समितिको महत्वपूर्ण भूमिका हुने बताउनुभयो। उहाँले श्रमजीवी पत्रकारका धेरै मुद्दा थाती रहेकाले तिनको पैरवी गर्न नयाँ नेतृत्वले सफल हुनुपर्छ भन्नुभयो।

नेपाल प्रेस युनियनका अध्यक्ष शिव लम्सालले निर्वाचनपछि महासङ्घ साझा चरित्रको भएको भन्दै थाती रहेका पत्रकारको सदस्यता शुद्धीकरण र पत्रकारितामा देखिएका अविश्वास कम गर्न महासङ्घले पैरवि गर्नुपर्ने उल्लेख गर्नुभयो। पत्रकार एवं लेखक मोहन मैनालीले पत्रकारिताको व्यावसायिक धर्म र आचरणलाई जोगाएर पत्रकारिताप्रति नागरिक र सरोकारवालाको भरोसा कायम राख्न पत्रकार क्रियाशील हुनुपर्ने बताउनुभयो।

प्रतिष्ठान प्रदेश समितिका निवर्तमान अध्यक्ष बालकृष्ण अधिकारीले साढे तीन वर्षको कार्यकालमा पेसागत दक्षता र सङ्गठनलाई चुस्त बनाउनाका साथै पत्रकारलाई क्रियाशील बनाउन थोरै भए पनि प्रतिष्ठानले दायित्व निर्वाह गरेको बताउनुभयो ।सो अवसरमा महासङ्घका नवनिर्वाचित केन्द्रीय अध्यक्ष निर्मला शर्मालाई प्रतिष्ठानका तर्फबाट प्रथम राष्ट्रपति डा यादवले सम्मानपत्र प्रदान गर्नुभयो । साथै प्रतिष्ठानका निर्वाचित कार्यसमित र मतदान अधिकृतलाई प्रसंशापत्रद्वारा सम्मान गरियो ।रासस

# लक्ष्यभन्दा बढी राजस्व सङ्कलन



**टुडे समाचारदाता**

सिरहा । सिरहा भन्सार कार्यालयले चालु आर्थिक वर्ष २०८१/८२ को पाँच महिनाको अवधिमा लक्ष्यभन्दा बढी राजस्व संकलन गरेको छ । सो अवधिमा कार्यालयले पाँच करोड पाँच लाख ४० हजार राजस्व सङ्कलन गरेको छ।

प्रमुख भन्सार अधिकृत तोयानाथ सापकोटाका अनुसार कार्यालयले पाँच महिनामा रु चार करोड ८८ लाख ५२ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य राखेको थियो । कार्यालयले सो अवधिमा वार्षिक लक्ष्यको ४१ दशमलव ६७ प्रतिशत राजस्व सङ्कलन गरेको हो।

कार्यालयले सार्वजनिक गरेको मासिक प्रतिवेदनअनुसार चालु आर्थिक वर्षको साउन महिनामा ९७ लाख ९५ हजार, भदौमा एक करोड सात लाख ७२ हजार, असोजमा एक करोड दुई लाख ७६ हजार, कात्तिकमा एक करोड चार लाख १७ हजार र मङ्सिरमा रु ९२ लाख ८० हजार राजस्व सङ्कलन गरेको छ।

गत आवको पाँच महिनाको तुलनामा चालु आवको सोही अवधिमा दुई करोड ७७ लाख ४७ हजार राजस्व वृद्धि भएको छ। कार्यालयका अनुसार गत आवको पाँच महिनाको अवधिमा दुई करोड ३८ लाख ९३ हजार राजस्व सङ्कलन भएको थियो । चालु आर्थिक वर्षमा राजस्व सङ्कलनको लक्ष्य १२ करोड १२ लाख ९२ हजार रहेको छ । सिरहामा माडरस्थित सिरहा भन्सार, बरियापट्टीस्थित छोटी भन्सार र भगवानपुरस्थित ठाडी भन्सार कार्यालय रहेका छन्।


# एनसेल फाउन्डेसनले एनपीएलका चौका वापत २६०० बढी शैक्षिक सामग्रीको वितरण गर्ने

**टुडे समाचारदाता**

काठमाण्डु। एनसेल फाउन्डेसनले क्रिकेटको रोमाञ्चकतालाई शिक्षासँग जोड्दै नेपाल प्रिमियर लिग (एनपीएल) का खेलहरूमा हानिने प्रत्येक चौका वापत चारवटा शैक्षिक सामग्री वितरण गर्ने घोषणा अनुरुप २६०० भन्दा बढी शैक्षिक सामग्री वितरण गर्ने भएको छ।

यी सामग्रीहरु ग्रामीण र दुर्गम क्षेत्रका सामुदायिक विद्यालयका विद्यार्थीहरूलाई प्रदान गरिने छन्। शनिबार समापन भएको ऐतिहासिक एनपीएलमा कुल ६५३ चौका हानिका थिए। यसवापत एनसेल फाउन्डेसनले अब घोषणा गरे बमोजिक कुल २६१२ ओटा शैक्षिक सामग्री विद्यार्थीहरुलाई वितरण गर्ने पक्का भएको छ।

क्रिकेटदेखि कक्षाकोठासम्मको यस नविन पहलले विद्यार्थीहरुको पठनपाठनमा सकारात्मक परिवर्तन ल्याउने र शिक्षालाई प्रवर्द्धन गर्दै उज्ज्वल भविष्यका लागि अवसरहरूको ढोका खोल्न मद्दत पुऱ्याउने विश्वास लिएको छ । विद्यार्थीहरुले प्राप्त गर्ने प्रत्येक शैक्षिक सामग्रीमा आवश्यक शैक्षिक सामग्रीहरु जस्तै स्कुल ब्याग, कापी, सिसाकलम, इरेजर, कटरलगायतका स्टेसनरी सामान समावेश हुनेछन्। यसले स्रोतको अभाव घटाउन सहयोग गर्नेछ र विद्यार्थीहरूको पठनपाठनमा योगदान गर्नेछ।




एनपीएलमा सबैभन्दा बढी चौका जनकपुर बोल्टस्का खेलाडी लाहिरु मिलान्थाले हानेका छन् । उनले कुल ३५ चौका हानेर१४० वटा शैक्षिक सामग्री वितरण सुनिश्चित गरेका छन्। त्यस्तै दोश्रोमा पोखरा एभेन्जर्सका आन्द्रियस गौसले ३० चौका हानेका थिए जसबाट १२० शैक्षिक सामग्री र तेश्रोमा लुम्बिनी लायन्सका रोहित कुमार पौडेल २६ चौका वापत १०४ शैक्षिक सामग्रीको वितरण पक्का भएको छन । त्यसैगरी चितवन राइनोज्का रविन्द्र बोपारा र सुदूरपश्चिम रोयल्सका सैंफ जैब प्रत्येकले २४ चौका हानेर १९२ शैक्षिक सामग्रीको वितरण सुनिश्चित गरेका थिए।

"क्रिकेट खेल र एनसेल फाउन्डेसनको सामाजिक कार्य दुवैका हिसाबले यो एनपीएल एकदमै उत्साहजनक रह्यो। क्रिकेटप्रतिको चाखलाई सामाजिक कार्यसँग जोड्दै शिक्षाको लागि स्रोत आवश्यक रहेका विद्यार्थीहरुलाई शैक्षिक सामग्रीहरु प्रदान गर्न यो पहलकदमी गर्न पाउँदा हामी अत्यन्त खुसि छौ र यसको लागि हामी क्रिकेट एशोसिएसन नेपाल (क्यान) तथा प्रत्येक खेलाडीलाई बधाई तथा धन्यवाद दिन चाहन्छौं।

# वैश्य समाजको अध्यक्षमा साह

**टुडे समाचारदाता**

राजविराज । वैश्य समाज सप्तरीको प्रथम जिल्ला स्तरिय भेला तथा अधिवेशन सोमवार नयाँ नेतृत्वको चयन गर्दै सम्पन्न भएको छ । वैश्य समाजको पहिचान उत्थान र सम्मानका लागि राष्ट्रिय वैश्य महासंघ नेपालको जिल्ला जिल्लामा संगठन विस्तार गर्ने कार्यक्रम अन्तर्गत गरिएको प्रथम जिल्ला स्तरिय भेला तथा अधिवेशनले श्याम कुमार साहको अध्यक्षतामा २१ सदस्यीय नयाँ कार्य समिति सर्वसम्मतले चयन गरेको छ।



समितिको उपाध्यक्षमा मनोज कुमार माझी, दिगम्बर साह, महिला उपाध्यक्ष सुनिता दास, महासचिवमा बब्लुकुमार चौधरी कलबार, सचिवमा राजलाल पण्डित, रामानन्द साह, कोषाध्यक्ष बलराम शर्मा र सहकोषाध्यक्षमा नारायण साहु रौनियारलाई चयन गरेको छ।

यस्तै सदस्यहरुमा संजय कसेरा, सावित्रीदेवी पण्डित, बबिता साह, रन्जित पंजियार, अनुराधा साह, पुनिता साह र सरस्वती चौधरीको चयन गरिएको छ । बाँकी रहेका चार सदस्यको पछि मनोनयन गरिने महासंघले जनाएको छ। नवगठित समितिका पदाधिकारीलाई कार्यक्रमका प्रमुख अतिथि वैश्य महासंघ नेपालका राष्ट्रिय अध्यक्ष परमेश्वर महासेठले पद तथा गोपनीयताको सपथ सहित पदभार ग्रहण गराएका थिए।

यसअघि तेली कल्याण समाजका राष्ट्रिय अध्यक्ष विश्वनाथ साहु तेलीको अध्यक्षता तथा वैश्य महासंघ नेपालका राष्ट्रिय अध्यक्ष परमेश्वर महासेठको प्रमुख अतिथ्यमा भएको उद्घाटन समारोहमा वैश्य महासंघका उपाध्यक्ष रामचन्द्र साह, शत्रुघन साह, सचिव बजरंगी साह, राम उदगार महासेठ, विधान मस्यौदा समितिका सदस्य शत्रुघन महासेठ, तेली कल्याण समाजका राष्ट्रिय उपाध्यक्ष उम्देश्वर साह, कसेरा समाज सप्तरीका अध्यक्ष दिनेश साह, सुडी समाज केन्द्रिय सदस्य पंकज पुर्वे, रौनियार समाजका प्रादेशिक अध्यक्ष रंजित भगत, महिला अभियान्ता सुनिता साह क्रान्ती, तेली कल्याण समाज सप्तरीका निवर्तमान अध्यक्ष अमृतलाल साह लगायतले शुभकामना दिएका थिए।

२२ वटा जातिय समुदाय आवद्ध रहेको वैश्य महासंघले संगठन विस्तार अभियान अन्तर्गत एक महिना यता वारा, पर्सा, धनुषा र सप्तरीमा संगठन विस्तार गरिसकेको र अन्य जिल्लामा समेत विस्तार गर्ने तयारी गरिएको जनाएको छ।

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक
मेष :कामको मेसो नमिल्दा केही अलमल हुनेछ।
वृष :समयमा निर्णय नलिने बानीले अप्ठ्यारो पार्न सक्छ।
मिथुन :विभिन्न कामका अवसर प्राप्त हुनेछन्।
कर्कट :अरूको बारेमा चासो राख्दा स्वयं समस्यामा पर्न सकिन्छ।
सिंह:सोख र हडबडीले समस्या निम्त्याए पनि ज्ञान, कला र व्यक्तित्वमा निखार आउनेछ।
कन्या :खर्च लागे पनि प्रयत्न गर्दा काममा सकारात्मक संकेत प्राप्त हुनेछ।
तुला: प्रशस्त लाभ उठाउने समय छ।
वृश्चिक: परिस्थितिको चक्रमा अलमलिनु पर्दा कार्यसम्पादनमा ढिलाइ हुनेछ।
धनु :जिम्मेवारी थपिए पनि स्वास्थ्य कमजोर रहनाले काममा बाधा पुग्न सक्छ।
मकर: स्वास्थ्य कमजोर रहनाले चिताएको काम गर्न नसकिएला।
कुम्भ :हडबडले काम बिग्रनेछ।
मीन :कामको मेसो नमिल्दा अलमल हुनेछ।
गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (डक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंरचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आती | : ८:०० बजे |
| भोगाज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दि बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| त्री आती पूजा हुने समय | : ९:३० बजे |
| त्री मन्दि बन्द हुने समय | : १०:०० बजे |

जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आती:साँझा | : ०७:३० बजे |

राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आती साँझ | : ०७:०० बजे |
| त्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



पशुचौपायाको गोबरबाट गुँइठा बनाउँदै स्थानीय महिला। तराईमा गुँइठालाई दाउराको विकल्पको रुपमा प्रयोग गर्ने गरिन्छ। *तस्विरः रासस*

# ‘शान्तिसुरक्षा हाम्रो पहिलो प्राथमिकता हो’

विराटनगर । कोशी प्रदेश प्रहरी कार्यालय प्रमुख एवं प्रहरी नायब महानिरीक्षक (डिआइजी) राजन अधिकारीले शान्तिसुरक्षा, अमनचयन कायम गर्ने सवालमा कोही कसैसँग सम्झौता नगर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

सोमबार आयोजित पत्रकार भेटघाटका अवसरमा उहाँले आमनागरिकको जिउधनको सुरक्षासहित शान्ति सुव्यवस्था कायम गर्ने सन्दर्भमा कसैसँग सम्झौता नगर्ने स्पष्ट गर्नुभयो। डिआइजी अधिकारीले अपराध रोकथाम तथा नियन्त्रण गर्ने क्रममा प्रदेश प्रहरी प्रमुखको हैसियतले प्रहरी प्रधान कार्यालयसँग गरिएको ४० बुँदे कार्यसम्झौताअनुसार प्रदेश मातहतका प्रहरी कार्यालय प्रमुखसँग आफूले कार्यसम्झौता गरिसकेको जानकारी दिनुभयो।

लागुऔषध ओसारपसार, दुर्व्यसनी र खुला सीमाका कारण हुने तस्करीजस्ता आपराधिक घटना प्रहरीका लागि चुनौती भएको उल्लेख गर्दै उहाँले प्रदेशअन्तर्गतका आठ सय १५ वटै इकाईबाट कानुनको परिपालनासहित तोकिएको जिम्मेवारी पूरा गरिने बताउनुभयो।

> “कानुनविपरीतका कामकाज तथा गतिविधि गर्न कसैलाई पनि छुट छैन, कानुनको अवज्ञा गरेमा सोहीअनुसार कारबाही भोग्न तयार हुनुपर्दछ, कानुन कार्यान्वयनमा प्रहरी सङ्गठनले कसैसँग पनि सम्झौता गर्दैन ।”

शून्य सहनशीलताको नीतिअनुसार आमनागरिकलाई सबै सेवा प्रदान गर्न प्रहरी सङ्गठन तयार रहेको स्पष्ट गर्दै प्रदेश प्रहरी प्रमुख अधिकारीले भन्नुभयो, “कानुनविपरीतका कामकाज तथा गतिविधि गर्न कसैलाई पनि छुट छैन, कानुनको अवज्ञा गरेमा सोहीअनुसार कारबाही भोग्न तयार हुनुपर्दछ, कानुन कार्यान्वयनमा प्रहरी सङ्गठनले कसैसँग पनि सम्झौता गर्दैन ।”रासस

# काठमाडौँ विश्वविद्यालय र धुलिखेल अस्पतालबीच समस्या समाधान गर्न सहजीकरण समिति गठन



काठमाण्डु । काठमाडौँ विश्वविद्यालयको ९८ औँ सभाको सोमबारको बैठकले सो विश्वविद्यालय र धुलिखेल अस्पतालबीचको आपसी समस्या समाधानसहितको प्रस्ताव तयार गर्न राष्ट्रिय योजना आयोगका सदस्य गीताकुमारी पौड्याल अधिकारीको संयोजकत्वमा सात सदस्यीय सहजीकरण समिति गठन गरिएको छ।

विश्वविद्यालयका कुलपति एवं प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा आज प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बसेको बैठकले थप गृहकार्य र सम्बन्धित पक्षसँग संवाद गरी आगामी माघ ४ गते बस्ने सिनेट बैठकमा विधिवत् प्रतिवेदन पेस गर्न समितिलाई अख्तियारी दिएको हो। समितिमा विश्वविद्यालयका तर्फबाट उपकुलपति प्राडा भोला थापा, स्कुल अफ मेडिकल साइन्सका डीन प्रा डा मनोज हुमागाईं, स्कुल अफ लका डीन डा ऋषिकेश वाग्ले तथा अस्पतालका तर्फबाट कार्यकारी निर्देशक डा रामकण्ठ माकजु श्रेष्ठ, प्रशासकीय निर्देशक डा विराजमान कर्माचार्य र अनुसन्धान निर्देशक प्रा डा राजीब श्रेष्ठ रहनुभएको छ।

विसं. २०५९ चैत १९ गतेको आपसी सम्झौताका आधारमा सहकार्यमा रहेका ती संस्थाबीच बेमेल देखिएपछि गत साउन ३० गतेको ९७ औँ सभामा कुलपति एवं प्रधानमन्त्री ओलीले आपसी संवादबाट समाधान खोज्न प्रस्ताव गर्नुभएको थियो । यसबीचमा शिक्षा विज्ञान तथा प्रविधिमन्त्री एवं सहकुलपति विद्या भट्टराईको संयोजनमा दुवै पक्षलाई संवाद र सहमतिको विन्दुमा ल्याउन भएका पहल र समाधानका विविध पक्षबारे आजको बैठकमा छलफल भएको थियो। आर्थिक र कर्मचारी नियमावलीसँग बाझिने गरी विश्वविद्यालयले एकपक्षीयरुपमा निर्णय गरेको भन्दै अस्पतालले असन्तुष्टि जनाएपछि विवाद उत्पन्न भएको थियो।

यसैबीच, विश्वविद्यालयको पछिल्लो दीक्षान्तको ‘ग्रेस लिष्ट’मा अनुत्तिर्ण सात विद्यार्थीको नाम समावेश भएकाले आजको बैठकले ग्रेस लिष्ट सच्याउने निर्णय गरेको छ । विश्वविद्यालयका रजिष्ट्रार डा अच्युतप्रसाद वाग्लेले ती विद्यार्थीको नाम कसरी सूचीमा पर्न गयो भन्नेबारेमा छानबिन सुरु भएको र ती विद्यार्थीले प्रमाणपत्र नलिएको बैठकलाई जानकारी गराउनुभयो।रासस

# सुपारी निकासी प्रवर्द्धनमा जोड



काठमाण्डु । सांसदहरुले सुपारीखेती प्रवर्द्धनमार्फत निकासा बढाउन आवश्यक रहेकामा जोड दिनुभएको छ । सोमबार राष्ट्रियसभा अन्तर्गत विकास, आर्थिक मामिला तथा सुशासन समितिद्वारा आयोजित नेपालमा उत्पादित सुपारी निर्यात व्यवस्थापनसम्बन्धी छलफलका क्रममा उहाँहरुले सुपारी निकासा बढाउन उत्पादन पनि वृद्धि हुनुपर्नेमा जोड दिनुभएको हो।

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले राजस्वले गुट्काबाट रु १० अर्बको राजस्व सङ्कलन भएको उल्लेख गर्दै सुपारीबाट पनि राजस्व बढाउनसक्ने धारणा राख्नुभयो। “चालु आर्थिक वर्षमा पनि सुपारी प्रशोधनका लागि झापामा रु तीन करोड बजेट विनियोजन गरेका छौँ। अहिले सुपारी तेस्रो मुलुकबाट आयात भइरहेको छ,” उहाँले भन्नुभयो, “नेपालमा उत्पादित सुपारीलाई आन्तरिक खपत बढाउनुपर्छ भनेका छौँ ”

केराउ र मरिच आयात अनुमति नदिए पनि आयात आइरहेको उहाँले दाबी गर्नुभयो । “मरिच र केराउ हामी सबैको भान्सामा प्रयोग हुन्छ तर वैधानिक बाटोबाट आइरहेको छैन,” मन्त्री भण्डारीले भन्नुभयो, “अव स्वदेशमा नै यी खाद्य वस्तुको उत्पादन बढाउन सकिन्छ।”

समिति सभापति कमला पन्तले आफ्नो उत्पादन आफैँले खपत गर्नुपर्ने र खपत हुन नसकेमा निर्यातका लागि पहल गर्नुपर्नेमा जोड दिनुभएको छ। “किसानले उत्पादन गरेका वस्तुको सहज बजारीकरण गर्नुपर्छ । आन्तरिक खपत भए त्यसैमा प्रवर्द्धन गर्नुपर्छ,” उहाँले भन्नुभयो।

सांसद बामदेव गौतमले चोरी निकासी रोक्नका लागि नेपालले खुला सिमाना बन्द गर्नुपर्ने र भिसा प्रस्ताव गर्नुपर्ने बताउनुभएको छ। सांसद उर्मिला अर्यालले पनि सुपारी निकासा हुनुपर्नेमा जोड दिनुभयो । सांसद विष्णुबहादुर विश्वकर्माले सुपारीकै विषयमा पटक-पटक छलफल गर्नु उपयुक्त नरहेको भन्दै सुपारीको डिएन परीक्षणका लागि ल्याव स्थापना गर्न आवश्यक रहेको बताउनुभएको छ । उहाँले सुपारी निर्यातबाट मुलुकको राजस्व बढाउन सकिने धारणा राख्नुभयो।

सांसद भवनबहादुर सुनुवारले कृषि र उद्योग मन्त्रालयको समन्वयमा सुपारी निर्यातको सम्भावना पहिल्याउन आवश्यक रहेको बताउनुभएको छ। सांसद डा अञ्जान शाक्यले सुपारीको डिएनए टेष्ट गर्न सकिने भन्दै कहिले गर्ने भन्ने समय तोक्नुपर्ने बताउनुभएको छ। “नेपालको उत्पादनलाई जोड दिने हो भने १५ जिल्लामा सुपारी उत्पादनको सम्भावना छ। गणस्तर उत्पादन बढाउन सकेमा निर्यात सम्भावना छ”, उहाँले भन्नुभयो।

सांसद झक्कुप्रसाद सुवेदीले सुपारी निर्यातको विषयमा विस्तृत रुपमा छलफल आवश्यक भएको बताउनुभयो । “एउटै विषयमा छलफल धेरै भयो। पटक-पटक छलफल गरिरहनुभन्दा गहन रुपमा छलफल गरेर टुङ्गोमा पुग्नुपर्छ,” उहाँले भन्नुभयो, “डिएनए परीक्षण नगरिकन सुपारी निकासा मिल्दैन भने सो अनुसार निर्णय टुङ्गोमा पुऱ्याउनुपर्छ।”

सांसद सावित्री मल्लले सुपारी उत्पादन चारवटा जिल्लामा मात्रै हुने गरेको उल्लेख गर्र्दै अन्य १० जिल्लामा सुपारी उत्पादनलाई प्राथमिकता दिन आवश्यक भएको बताउनुभएको छ। उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव गोविन्दबहादुर कार्कीले तेस्रो मुलुकमा सुपारी निर्यात बढाउनका लागि डिएन टेष्ट र गुणस्तर प्रमाणीकरण गर्न आवश्यक रहेको बताउनुभएको छ।रासस

# आवासीय चिकित्सकलाई सरकारीसरह निर्वाह भत्ता दिन सुझाव

काठमाण्डु। चिकित्सा शिक्षाको स्नातकोत्तर तहमा भर्ना हुने आवासीय चिकित्सकको निर्वाह भत्ता सम्बन्धमा सुझाव दिन स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले गठन गर्नुभएको कार्यदलले सुझावसहितको प्रतिवेदन हस्तान्तरण गरेको छ।

अतिरिक्त सचिव टङ्क बराकोटी नेतृत्वको कार्यदलले नयाँ शैक्षिक सत्रमा निजी मेडिकल कलेजमा भर्ना हुने आवासीय चिकित्सकलाई सरकारी शिक्षण संस्थाका कार्यक्रममा भर्ना भएका विद्यार्थीलाई उपलब्ध गराइए सरह निर्वाह भत्ता उपलब्ध गराउन मनासिव हुने रायसहितको प्रतिवेदन दिएको हो ।

मन्त्री पौडेलले निर्वाह भत्तामा आवासीय चिकित्सकको असन्तुष्टि समाधान गर्न सुझाव दिन कार्यदल गठन गर्नुभएको थियो। मन्त्रालय तथा चिकित्सा क्षेत्रका उच्च अधिकारी संलग्न कार्यदलले दिएको प्रतिवेदनमा निजी मेडिकल कलेजमा अध्ययन गर्ने चिकित्सकको निर्वाह भत्ताको विषय कार्यान्वयनका लागि कार्ययोजना तयार गरी अविलम्ब लागू गर्न राय दिएको छ।

विसं २०८२ वैशाख १ गतेदेखि प्रारम्भ हुने भएकाले क्यालेण्डरको परिपालना हुने गरी २०८१ मङ्सिर ९ गते बसेको चिकित्सा शिक्षा आयोगको पन्ध्रौँ बैठकमा छलफल भएका आधारमा चिकित्सा शिक्षाको स्नातकोत्तर तहका कार्यक्रम सञ्चालनका लागि ‘सेल्फ अप्राइजल’ फाराम भरेका निजी लगानीमा सञ्चालित शिक्षण संस्था लगायतका सबै शिक्षण संस्थाको स्थलगत अनुगमन, सिट निर्धारण तथा विद्यार्थी भर्नाको समग्र प्रक्रिया अविलम्ब सञ्चालन गर्न प्रतिवेदनमा सिफारिस छ।

चिकित्सा शिक्षाका विभिन्न तह र विधाका शैक्षिक कार्यक्रममा लिइने शुल्कका सम्बन्धमा आयोगबाट कार्यविधि तर्जुमा भइनसकेको अवस्थामा शुल्क निर्धारणसम्बन्धी कार्यविधिको मस्यौदा तयार गर्न शुल्क निर्धारणको आधार सिफारिस गर्ने समेतको कार्यदेश तोकी चिकित्सा शिक्षा आयोगका उपाध्यक्षको संयोजकत्वमा कार्यदल गठन भएको छ। कार्यदलले आवासीय चिकित्सकको निर्वाह भत्तासम्बन्धी विषय शुल्कसँग समेत अन्तरसम्बन्धित भएकाले चिकित्सा शिक्षा आयोगद्वारा गठित कार्यदललाई नै शुल्क निर्धारणसम्बन्धी कार्यविधि यथाशीघ्र तयार गरी कार्यान्वयन गर्न पनि सुझाव दिएको छ।

कार्यदलले चिकित्सा शिक्षाको गुणस्तर तथा पहुँच अभिवृद्धि, एकीकृत प्रवेश परीक्षाको सुदृढीकरण, छात्रवृत्तिको व्यवस्था, विद्यार्थीको थप सेवा सुविधा, कार्यअवधि र सहुलियत, विदेशी विद्यार्थीको सिट निर्धारण तथा विद्यमान कानुन समयसापेक्ष बनाउन राय सुझावसहितको प्रतिवेदन पेस गर्ने प्रयोजनका लागि एक उच्चस्तरीय कार्यदल गठन गर्नसमेत सुझाव दिएको छ। प्रतिवेदन ग्रहण गर्दै स्वास्थ्य तथा जनसंख्यामन्त्री पौडेलले कार्यदलको सुझाव कार्यान्वयनमा लैजाने प्रतिबद्धता जनाएका छन्।रासस

# परीक्षणका लागि ‘कोर कटिङ’ नमूना प्रयोगशालामा



काठमाण्डु । काठमाडौँ महानगरपालिकाले निर्माण भएका एवं मर्मत भएका सडकहरूको गुणस्तर परीक्षणका लागि ‘कोर कटिङ’ नमूना प्रयोगशालामा पठाउने गरेको छ । उक्त परीक्षणबाट कालोपत्र गर्न प्रयोग गरिएको ‘विटुमिन’ को मात्रा तथा गुणस्तर, कालोपत्रको मोटाइ, खँदिलोपना, निर्माण सामग्रीको मिश्रण मात्राका बारेमा थाहा पाउन सकिने कामपाको भनाइ छ।

सडकको दायाँ भाग, केन्द्र भाग र बायाँ भाग गरी विभिन्न स्थानबाट परीक्षणका लागि कटिङ गरिने कामपाको उपप्रमुख सुनिता डङ्गोलले जानकारी दिनुभयो । कामपाको अनुगमन समितिको संयोजकसमेत रहनुभएको डङ्गोलले कोर कटिङले मर्मत भएका सडकहरूको अवस्था थाहा पाउनका लागि निकै सहयोग पुग्ने बताउनुभयो।

पूर्वाधार सुधार गरेर काठमाडौँलाई धुलोरहित सहर बनाउने कामपाको ‘धुलोरहित सडक’ कार्यक्रम ३ वर्षसम्म सञ्चालन हुने बहुवर्षीय योजना हो । यसका लागि हरेक वर्ष करिब रू एक अर्ब खर्च हुने अनुमान गरिएको छ। कामपाको भौगोलिक क्षेत्रलाई चार भागमा विभाजन गरेर हरेक क्षेत्रका लागि एउटा प्याकेज बनाइएको छ । यसअन्तर्गत पूर्व क्षेत्रमा वडा नं ६, ७, ८, ९, १०, ३१, ३२ पर्छन्। यी वडामा काम गर्न करिव रू ९० करोड लागत अनुमान गरिएको थियो।

सार्वजनिक निर्माण विभागका प्रमुख सुरज शाक्यका अनुसार शाक्यका अनुसार धुलोरहित सडक कार्यक्रमअन्तर्गत कुनै पनि ठाउँ नछोडी सबै सडक कालोपत्र हुनेछ। मर्मतसम्भार कार्यक्रम र पूर्वाधार एम्बुलेन्स कार्यक्रमअन्तर्गत भत्किएको, भासिएको वा बिग्रिएको ठाउँलाई तत्काल मर्मत गर्ने काम हो। यसमा पनि सडक कालोपत्र गर्ने काम गरिन्छ। तर यो खण्ड खण्डमा मात्र हुन्छ।

“सहरलाई धुलोरहित बनाउन कामपाले पूर्वाधार निर्माण गरेपछि यसको उपयोगमा स्थानीयवासीबाट पूरा गर्नुपर्ने दायित्व पनि छन्”, वडा नं ४ का अध्यक्ष दिनेश महर्जन भन्नुहुन्छ, “घर, पसल वा व्यवसायको भुइँ बढारेको उत्पादन भएको धुलो सडक र नालीमा फाल्ने आचरणमा सुधार आउनुपर्छ । धुलोरहित कार्यक्रमको दिगो प्रयास यहीँबाट सुरू हुन्छ, बानीमा परिवर्तन ल्याउनुपर्छ।” रासस

# १२ महिनामा १२ रोगको सचेतना अभियान

काठमाण्डु । काठमाडौँ महानगरपालिकाले १२ महिनामा १२ प्रकारका रोगको सचेतना अभियान सञ्चालन गरेको छ । महानगरले निरोधात्मक स्वास्थ्य सेवाको प्रवर्द्धनको उद्देश्यसहित वार्षिक क्यालेन्डर प्रकाशित गरी महानगरभित्र १२ महिनामा १२ किसिमका नसर्ने रोगको सचेतना अभियान सञ्चालन गरेको हो।

महानगरका स्वास्थ्य विभागका प्रमुख दीपककुमार केसीले हरेक महिनालाई स्वास्थ्यको विशेष महिनाका रुपमा सचेतना अभियान सञ्चालन गरिएको जानकारी दिनुभयो । उहाँले सङ्घीय सरकारबाट मात्र नभई स्थानीय तहबाट पनि स्वास्थ्यका कार्यक्रम सञ्चालन गर्नका लागि अभियान सञ्चालन गरिएको बताउनुभयो।


महानगरले मङ्सिरमा मात्रै उच्चरक्तचाप, मधुमेह र मिर्गौलासम्बन्धी स्वास्थ्य परीक्षण गरेको छ । महागरका मेडिकल अधिकृत डा दिवस न्यौपानेका अनुसार महागरका सबै वडामा रहेका सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रबाट करिब ३० हजार जनाको उच्चरक्तचाप, मधुमेह र मिर्गौला परीक्षण गरिएको छ।

महागरले पुस महिनालाई श्वासप्रश्वाससम्बन्धी रोग र सुर्तीजन्य पदार्थविरुद्धको सचेतना महिना, माघलाई मादक पदार्थ तथा सडक दुर्घटना सचेतना महिना, फागुनलाई क्यान्सर तथा प्रजनन स्वास्थ्य सचेतना महिना, चैतलाई मानसिक स्वास्थ्य सचेतना महिनाका रुपमा अभियान सञ्चालन गर्दैछ।

यस्तै, वैशाखमा आँखा, जेठ मुख तथा नाक, कान र घाँटी, असारमा ज्येष्ठ नागरिक तथा अपाङ्गता सहायता सचेतना महिना, साउनमा नवजात र बालबालिका स्वास्थ्य पोषण तथा स्तनपान सचेतना महिनाका रुपमा अभियान सञ्चालन गर्न थालेको हो। भदौमा उच्चरक्तचाप र असोजमा मधुमेहलाई समेटेर मङ्सिरमा मिर्गौलासहितको सचेतना अभियान सञ्चालन गरिएको छ । कात्तिक महिनामा स्वस्थकर खानपान तथा आरोग्य जीवन सचेतना अभियान सञ्चालन गरिएको थियो।

मेडिकल अधिकृत डा न्यौपानेले यस वर्षदेखि सुरु गरिएको अभियान दसैं, तिहार र उपनिर्वाचनका कारणले समयमा नै सञ्चालन गर्न नसकिएको बताउनुभयो । उहाँले अबदेखि हरेक वर्ष सचेतना अभियानलाई महाअभियानका रुपमा सञ्चालन गर्ने उल्लेख गर्नुभयो।रासस





**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# नश्लीय साम्प्रदायिक व्यवहार

नेपालमा नश्लीय साम्प्रदायिक विभेद भएका समूहहरु छन् ।नेपालीलाई गैर नेपाली ठानेर नश्लको आधारमा व्यवहार गर्नेहरुको कारण एउटा सम्प्रदाय पीडित छन् ।राजनीतिक, न्यायायिक, प्रशासनिक हरेक क्षेत्रमा नेपालको धरतीपुत्र मधेशी समुदायसित विभेद छ ।त्यसलाई हटाउन मधेशीहरुले सशक्त आन्दोलन गरेपनि त्यो परिणाममुखी हुन सकेन् ।हरेक क्षेत्रमा विभेदमा पारिएका मधेशी समुदायसित पछिल्लो पटक नेपाल प्रिमियर लिग (एनपीएल)को विजेता जनकपुर बोल्ट्सका एकजना किशोर समर्थकमाथि भएको संघातिक आक्रमण भएको छ ।जनकपुर बोल्ट्स एनपीएलको पहिलो संस्करणको ऐतिहासिक विजेता बनेको छ ।त्यसको समर्थनमा धेरै नेपाली थिए ।त्यस मध्ये सर्लाही जिल्लाको बलरा नगरपालिकामा घर भएका अमनकुमार सिंह पनि एक जना थिए ।उनी खेल समाप्त भएपछि बाहिरिन लाग्दा त्रिविको मूल गेट नजिकै उनीमाथि नश्लीय सोच भएका मानिसहरुले मधेशी, धोती गालीगर्दै संघातिक आक्रमण गरे ।घाइते किशोरको दुबै हात भाँच्चिएको छ ।शरीरको विभिन्न भागमा गंभीर चोटपटक लागेको छ ।दरबार हाइस्कुलको कक्षा १२ मा अध्ययनरत किशोरमाथि भएको आक्रमणले देशमा भइरहेको चरमविभेदलाई सार्वजनिक गरेको छ ।विभिन्न दलका नेताहरुले त्यसको विरोध गरेका छन् ।दोषीको पहिचानगरी कारबाही गर्न माग गरिएकोछ ।प्रहरीले पनि अनुसन्धान थालेको जनाएको छ । नेपालमा पहिलो पटक सुरु भएको एनपीएल क्रिकेट प्रतियोगितामा जनकपुर बोल्ट्स विजेता बनेको छ ।सुदूरपश्चिम रोयल्ससित दुई पटक पराजित भएको जनकपुर बोल्ट्सले फाइनलमा त्यसलाई हराउँदै विजेता बनेको हो ।क्रिकेट हेर्न जनकपुर बोल्ट्सका समर्थक र सुदूरपश्चिमका समर्थकहरु भारी संख्यामा मैदानमा पुगेका थिए ।विदाको दिन भएकोले स्वभाविक रुपमा भीड थियो ।अर्को सिजनको खेलमा यो भन्दापनि धेरै बढी भीड हुनेछ ।जनकपुर बोल्ट्समा देशका विभिन्न प्रदेशको मात्र नभइ विदेशका खेलाडीहरु पनि सहभागी थिए ।खेलले सद्भाव बढाउने गर्छ ।खेलाडीहरुलाई राष्ट्रिय धरोहर मानिन्छ ।तर त्रिवि खेल मैदानको बाहिर भएको घटनाले मधेशीलाई मात्र नभइ धेरै नेपालीलाई आहत बनाएको छ । नश्लीय सोचले समग्रमा राष्ट्रलाई क्षति पुर्‍याउने छ ।नेपालीबीचको साम्प्रदायिक सद्भाव खल्बलाउने सोच भएकाहरुलाई निरुत्साहित गरौ ।त्यस्ता व्यक्तिको संख्या धेरै नभएपनि विषको थोपा पनि हानिकारक नै हुन्छ ।घटनाको अनुसन्धान थालेको प्रहरीले दोषीलाई पहिचानगरी कानुन बमोजिमको हदैसम्मको कारवाही गर्नुपर्छ ।सामाजिक सञ्जालमा केही प्रयोगकर्ताहरुले व्यक्त गरेको धारणा पनि सद्भाव बिगार्ने किसिमको हो ।उनीहरुलाई पनि कारबाहीको दायरामा ल्याउन आवश्यक छ ।गलत कार्यलाई सबे पक्षले निरुत्साहित गर्नुपर्छ ।नेपालमा बसोबास गर्नेहरु सबै नेपाली हुन् ।सबैले समानताको हक उपभोग गर्न पाउनु पर्छ ।देशका नीति निर्माताहरु पनि समयमै सचेत हुन आवश्यक छ ।

# समाजवादी अभ्यासहरु र नेपाल



रोशन जनकपुरी

तराईमधेशमा दुईवटा प्रचलित उखानहरु महत्वका छन् : पहिलो, 'साँई इतना दिजिए, जामे कुटुम (कुटुम्ब) समाय, मै भी भूखा ना रहूँ साधू भूखा न जाए ।' र दोस्रो, 'उत्तम खेती, मध्यम बेपार, निषिध चाकरी' । एउटामा समृद्ध, हार्दिक र सन्तोषी सामाजिक परिवेशको परिकल्पना छ । वर्षभरीलाई परिवारलाई धान्ने र अतिथिसमेतको स्वागत सत्कारको निम्ति पुग्ने गरि भकारीमा अन्न पुग्ने उदार सामाजिक समृद्धि र मानवीय प्रवृत्तिको परिकल्पना छ । दोस्रो उखानमा सामाजिक जीवनशैलीको मूख्य आधार कृषि भएको र समाजसम्म उत्पादन पुऱ्याउने माध्यम व्यापार तथा सबैभन्दा तल्लो श्रेणीमा सेवाकर्म रहेको सामाजिक संरचना तथा मनोविज्ञान अभिव्यक्त हुन्छ । यो तराई मधेश मात्रै होइन समग्र नेपालको परम्परागत आर्थिक सांस्कृतिक सामूहिक मनोविज्ञानको चित्रण हो ।

विश्व पूँजीवादको विकासपछि विश्वका अन्य भाग जस्तै नेपालको आर्थिक सामाजिक मनोविज्ञान र जीवन शैलीमा व्यापक परिवर्तन भएको छ । सबैभन्दा पहिले त 'निषिध' भनिएको 'चाकरी' देशको अर्थतन्त्रको बलियो आधारको रुपमा देखिएको छ । देशको कुल गार्हस्थ्य उत्पादनमा वैदेशिक रोजगारमा गएकाहरुबाट प्राप्त रेमिट्यान्सको हिस्सा एक चौथाईभन्दा बढी छ र ५०लाखभन्दा बढी नेपालीहरु वैदेशिक रोजगारमा छन् । देश भित्रैपनि ठूलो संख्यामा जनशक्ति गैरकृषि सेवाक्षेत्रमा कार्यरत् छ । एउटा तथ्याङ्क अनुसार देशको कुल कार्यजनशक्तिको १६ प्रतिशत सेवाक्षेत्रमा, ३ प्रतिशत उत्पादन र सीप आधारित उद्योगहरुमा र ८१ प्रतिशत कृषिक्षेत्रमा देखिन्छ । यसले नेपाली अर्थसामाजिक व्यवस्थामा कृषि अझै केन्द्रमा नै रहेको देखिन्छ । तर देशको कुल गार्हस्थ्य उत्पादनमा योगदानको दृष्टिले हेर्दा बहुसंख्यक नेपालीको जीवनमा कृषिको योगदान उत्साहप्रद छैन । गतवर्षको तथ्याङ्क अनुसार कुल गार्हस्थ्य उत्पादनमा कृषिको योगदान २७ प्रतिशत मात्र छ ।

नेपालमा आधुनिक अर्थतन्त्रको शुरुआत ००८ सालदेखि मानिन्छ । विगत ७३ वर्षमा नेपाली अर्थतन्त्रमा नेपाली जनताको श्रमबाट उत्पादित वस्तुहरुको अनुपात घट्दै गएको छ र बाहिरबाट आयातित उपभोग्य र विलासी वस्तुहरुको अनुपात बढदै गएको छ । अर्को अर्थमा नेपालमा स्वदेशी उत्पादनको ह्रास भएको छ भने आयातित वस्तुको खपत बढदै गएको छ । समग्रमा उत्पादनलाई उत्पादनसम्म पुऱ्याउने माध्यमको रुपमा बजारले आफूलाई सर्वग्रासी नाफाको विशाल स्वचालित संस्थाको रुपमा विकास गरेको छ । कुनै बेला सामाजिक अर्थतन्त्रलाई बल पुऱ्याउने सरकारी नियन्त्रणको बजार र अर्थनीति अहिले प्रत्यक्ष अप्रत्यक्ष यसै विशाल नाफा संस्थाप्रति समर्पित देखिन्छ, जस्को वास्तविक स्वामी अन्तर्राष्ट्रिय पूँजीपति वर्ग छन् । बजारको यस असामाजिक विकासको कारण अब उत्पादन सामाजिक आवश्यकताको निम्ती होइन नाफा र बजारको उद्देश्यमा निर्भर हुने गरेको छ । अब, जस्को हातमा पूँजी छ, उही मालिक छ । त्यसैले सामाजिक उत्पादनमा कृषिको प्रधानता रहेपनि मध्यकालीन उखानको प्राथमिकतामा परिवर्तन भएको छ । लाभको दृष्टिले अब उत्तम व्यापार, मध्यम सेवा, अनिमात्र कृषि छ । नेपालको सामाजिक अर्थ संरचनामा आएको यस परिवर्तनले नेपाली समाजको आत्मनिर्भरता गुमेको दुःखदायी कथा भन्छ ।

पूँजीवाद, निजीपूँजी र राज्यको हस्तक्षेपमुक्त बजारका पक्षधरहरुको निम्ति यो सुखद स्थिति हुनसक्छ । तर सामाजिक हित र जनकल्याणको दृष्टिले आमजनताको सामूहिक हितमाथी नाफाको बहुआयामिक वर्चस्व तथा आत्मनिर्भरता गुम्नु दुःखद नै छ । यसले सामाजिक संरचनाको चक्र उल्टो पारिदिएको छ । अब लाभको दृष्टिले उत्तम व्यापार, मध्यम सेवा र अनिमात्र कृषि भएको छ । नेपालमा सामाजिक उत्पादनमा अहिलेपनि कृषिकै प्रधानता छ । तर, मल, बिउ तथा अन्य कृषि उत्पादनको निम्ती आवश्यक सामग्री समयमा उपलब्ध नहुनू, बजारको भर तथा उपयुक्त सरकारी सहयोगको अभावमा कृषि उत्पादनको लागत महगो हुनू, बढी कमाईको लोभमा अधिकांश खेतीहर मजदूरको विदेश पलायनको कारण श्रमिक अभाव र पाइएपनि महँगो श्रमिक, उचित सरकारी संरक्षणको अभावमा सस्तोमा व्यापारीसंग बेच्नुपर्ने बाध्यता ; र अर्कोतिर आयात बजारसंगको गलाकाट प्रतिस्पर्धामा किसानको निम्ती कृषि घाटाको सौदा भएको छ । तर विवशता के छ भने नेपाली उत्पादक समुदायसंग बेच्नलाई मूख्यतः कृषि र श्रम बाहेक अरु छैन । संसदमा आर्थिक बजेटहरुमा कृषि र श्रम तथा आम जनताको हितको कुरा गरिएपनि नाफा र बजार नै केन्द्रमा हुने गर्छ ।

देशको सामाजिक आत्मनिर्भरता गुमेको र बजार, नाफा र अन्तर्राष्ट्रिय पूँजीवादी अर्थसंरचनाले परतन्त्रता बढाउँदै लगेको चर्चा नयाँ होइन । यसबारे प्रायः सबै राजनीतिक दलहरुको दस्तावेजमा र नेताहरुको वक्तव्यहरुमा सुन्ने गरिन्छ । नेपाली समाजको हित पूँजीवाद होइन, समाजबादबाट हुने राग प्रायः सबै राजनीतिक दल र अर्थशास्त्रीहरुले गर्ने गरेका छन् । हाम्रो सम्विधानले पनि आफूलाई समाजवादोन्मुख भनेको छ । यस्को तात्पर्यपनि सम्वैधानिकरुपमा नेपालको आर्थिक लक्ष्य समाजवादी अर्थतन्त्रको निर्माण नै हो । तर देशको राजनीतिक क्षेत्रमा दलाल पूँजीपति तथा नोकरशाहवर्गको वर्चस्व र देशी विदेशी पूँजीपतिको प्रभावको कारण सम्विधानको समाजवादोन्मुखताको कार्यदिशा अस्पष्ट छ । हाम्रो समाजवादोन्मुख अर्थनीतिले अपनाएको तीन खम्बाहरुहरु निजीक्षेत्र अर्थात बजारको सहयोगीको रुपमा देखिएका छन् ।

वस्तुतः सम्विधानमा समाजवादोन्मुख लेखिएपछि समाजवादको राजनीतिक र आर्थिक चरित्र र स्वरुपबारे विविधस्तरमा व्यापक बहस हुनुपर्थ्यो । तर सम्विधान निर्माणको नौ वर्ष बितिसकेपनि यो काम भएको छैन । परिणामतः नेपाली राजनीतिमा समाजवाद एउटा लोकप्रिय तर अस्पष्ट शब्दावलीमा सीमित भएको छ । वस्तुतः अहिले समाजवाद यस्तो टोपी जस्तो भएको छ, जसलाई सबै राजनीतिक पार्टीले आफ्नो अनुकूलतामा पहिरिने गर्छन् ।

राजनीतिक अर्थशास्त्रको सैद्धान्तिकताको दृष्टिले समाजवादको एउटा निश्चित आर्थिक मान्यता र लक्ष्य छ, जस्ले सबैको समान विकास, अवसर र समृद्धिको लक्ष्य पूर्तिको निम्ति सामूहिक अर्थतन्त्रलाई समर्थन गर्छ र निजीपूँजी र निजी क्षेत्रको वर्चस्वलाई निषेध गर्दै जान्छ । यो मार्क्सवादी राजनीतिक अर्थशास्त्रीय दृष्टिकोण र प्रणाली हो ।

राजनीतिक अर्थशास्त्रीय दृष्टिकोणले समाजवादी अर्थतन्त्रमा वस्तु र सेवाको उत्पादन सामाजिक आवश्यकता अनुकूल हुन्छ र यस्को उपयोगिता मूल्यले नाफा बजारलाई उपेक्षा गर्छ । कार्लमार्क्सले यसलाई सामूहिक श्रम र सामाजिक उत्पादनमा आधारित 'कम्युनिज्मको तल्लो चरण' भनेका छन् । समाजवाद बजार र निजी स्वामित्वको विपरीत सामूहिकताको विचार र प्रणाली हो भन्नेमा सबै सहमत छन् । तरपनि यसको प्रक्रियाबारे भिन्न मतहरु पाइन्छन्, जसमध्ये केही मत समाजवादी अवधारणागत् सीमाभन्दा बाहिर पुग्ने गरेका पनि छन् । तरपनि समाजवादी अर्थराजनीतिकतालाई सामान्यतः चारवटा कित्तामा विभाजित गर्न सकिन्छ ।

पहिलो, 'शास्त्रीय' : जसअनुसार आर्थिक विकासको समाजवादी चरणमा ज्याला श्रम, उत्पादनको साधन र मौद्रिक माध्यमबाट अनावश्यक बनाइन्छन, र पूँजीवादी संचय आर्थिक योजनाबाट सामूहिक अथवा सार्वजनिक स्वामित्वमा स्थानान्तरित गरिन्छन् ।

दोस्रो, सरकार र उत्पादनको स्रोतहरु माथी नियन्त्रण राख्ने कम्युनिस्ट पार्टीहरुको नेतृत्वको साम्यवादी लक्ष्य सहितको 'मार्क्सवादी लेनिनवादी' अवधारणा हो । यसले कम्युनिस्ट पार्टीको लक्ष्य र राजनीति अनुरुप केन्द्रिकृत आर्थिक योजनाको माध्यमबाट श्रमजीविवर्ग र विचारको हितमा बजार र राजनीतिक असहमतिहरुलाई सामान्यीकृत गर्छ ।

तेस्रो, बजार अर्थतन्त्रमा केन्द्रिय योजना विभागबाट त्रुटि र सच्याउने (ट्रायल एन्ड एरर)को माध्यमबाट उत्पादित वस्तुहरुको मूल्य निर्धारण गर्ने सार्वजनिक स्वामित्व वा सहकारी उद्यमको रुपमा व्याख्या गर्ने 'बजार समाजवादी' अवधारणा ।

र, चौथौ, उत्पादनको पूँजीवादी उत्पादन विधिमा आधारित 'सामाजिक लोकतान्त्रिक' अवधारणा , जस्ले समाजवादलाई सामाजिक र आर्थिक संगठनको विशेष प्रकार भन्दापनि मूल्यहरुको समूहको रुपमा परिभाषित गर्छ । सामाजिक लोकतन्त्रले बजार र निजी सम्पत्तिको विरोध गर्दैन, बरु यसले कल्याणकारी राज्यको माध्यमबाट पूँजीवादका प्रभावहरुमा सुधार गर्छ । यस्तो कल्याणकारी राज्य अर्थतन्त्रमा सार्वजनिक स्वामित्व र सार्वजनिक प्रावधानहरुको क्रममा मौलिक इकाईको रुपमा बजारमाथी निर्भर हुन्छ । अन्यथा यो अवधारणा निजी उद्यमहरुमाथी निर्भर अर्थतन्त्रको वकालत हो । संसदिय लोकतन्त्रलाई निःशर्त समर्थन, क्रमिक र सुधारात्मक प्रयासबाट समाजवादको स्थापना तथा सामाजिक प्रगतिशील कारकहरुलाई समर्थन समाविष्ट हुन्छ । सामाजिक भनिएपनि आलोचकहरु यस अवधारणालाई पूँजीवादपक्षीय नै मान्छन् । हामीले अभ्यास गरेको तीन खम्बे अर्थतन्त्र सारमा (र रुपमा पनि) यस्तै हो ।

समाजवादका यी विविधरुपहरुको अभ्यास विगतको सोभियतसंघ, हालको चीन, भियतनाम, क्युवा र भारत (सामाजिक लोकतन्त्र) आदि देशहरुमा पाउँछौ । सौभियतसंघ त इतिहास भैसकेको छ, तर हाल क्युबामा भैरहेको प्रयोग उल्लेखनीय छ, जस्को उपलब्धिहरुको प्रशंसा संयुक्त राष्ट्र संघले समेत गरेको छ । आफ्नो स्थापनाकाल देखि नै साम्राज्यवादी अमेरिकाको निरन्तर आर्थिक नाकाबन्दीको बावजूद क्युबाले हासिल गरेको उपलब्धि प्रेरक छन् । प्रायः राज्यनियन्त्रित समाजवादी अर्थतन्त्रको अभ्यास गरिरहेको क्यूबामा राष्ट्रिय स्वास्थ्य कार्यक्रम, सबै नागरिकको निम्ती राज्यको प्रायोजनमा सबै तहमा निःशूल्क शिक्षा, अनुदानिकृत आवास, भोजन र मनोरञ्जन उल्लेखनीय छन् । राज्यले यस खर्चको क्षतिपूर्ति त्यहाँको श्रमिकहरुको निम्नस्तरको तलबबाट गर्ने गर्छ र यसै कारण सीमित आर्थिक प्रबन्धनमा पनि आफ्ना अन्तर्राष्ट्रिय समकक्षीहरुको तुलनामा क्यूबाले आफ्ना जनतालाई उत्तम जीवन दिनसकेको छ । क्युबाको अर्थतन्त्रको एउटा उल्लेखनीय तथ्य भनेको त्यहाँ पूजीवादी व्यवस्थामा खुला बजारको मापक जस्तो कुनै स्टोक एक्स्चेन्ज वा शेयर मार्केट छैन । त्यहाँ सन् २०१७को तथ्याङ्क अनुसार एउटा समाजवादी उद्देश्यको निम्ती योजनाबद्ध आर्थिक प्रणाली अवलम्बन गरेको क्यूबामा राजकीय स्वामित्वको संस्थानहरुमा देशको ८८ प्रतिशत श्रमशक्ति कार्यरत् छ । निरन्तर अमेरिकी आर्थिक नाकाबन्दी भेल्दै आएको कारण क्युबामा चुनौतीहरु बढदै गएको देखिन्छ, तरपनि तीनवर्ष पहिले कोभिड १९ कोरोना महामारीकालमा क्युबाका चिकित्सकहरु जसरी गरिब देशहरुमा औषधि र चिकित्सा उपकरण सहित सहयोगमा सक्रिय देखिए, त्यसले क्युबाको समाजवादी अन्तर्राष्ट्रिय प्रतिबद्धता समेत देखिन्छ । विश्व आर्थिक सर्वेक्षणहरुमा क्यूबाले वास्तविक अर्थमा दीगो विकास गरेको भनेर प्रशंसा गरिनुले उसको समाजवादी बाटोलाई प्रेरक बनाउँछ ।

हामीले समाजवादको नाममा अभ्यास गरिरहेको सामाजिक लोकतन्त्रको आर्थिक अभ्यासका नकारात्मक परिणामहरु आर्थिक मात्र होइन, सामाजिक र सांस्कृतिक रुपमा पनि देखिन थालेका छन् । वर्तमानको अराजक स्थिति कस्तो छ भने धनी पूँजीपतिवर्ग र राजनीतिक प्रतिनिधि झनझन् धनी हुँदै गएका छन्, उनीहरुलाई हाइसन्चो छ, र श्रमजीवि वर्ग र आमजनताको बहुआयामिक हाल बेहाल छ । एक प्रकारले यो थोरै धनी र धेरै गरिब श्रमिक उत्पादन गर्ने नाफाको कारखाना जस्तो भएको छ । यस्तोमा हामीले अभ्यास गरिरहेको समाजवादोन्मुख भनिने, तर सारमा पूँजीपतिको हितमा रहेको अर्थतन्त्र बारे नयाँ ढंगले गम्भीर बहस गर्नु र वास्तविक अर्थमा देश र जनहित अनुकूलको समाजवादी कार्यदशा तय गर्नु आवश्यक देखिन्छ । कृषि, श्रम, र जलश्रोत हाम्रो स्वनिर्भरताको यस्तो आधार हो, जो कुनैपनि अवस्थामा कायम रहन्छ भन्ने तथ्य विगत सत्तरीवर्षमा अर्थतन्त्रको अभ्यासबाट सिद्ध तथ्य हो । यस अतिरक्त पर्यटनपनि हाम्रो आर्थिक विकासको बलियो आधारको रुपमा देखिएको छ । यस बाहेकका क्षेत्रहरु जतिसुकै आकर्षक देखिएपनि सहायक मात्र हुन । समग्रमा आर्थिक होस वा सामाजिक, सबैक्षेत्रमा सामाजिक आवश्यकताको आधारमा नीति निर्माण तथा सामाजिकक्षेत्रको भूमिका बढाएर लग्नु तथा दलालपूँजीलाई राष्ट्रियपूँजीमा बदल्न सकेमात्र समाजवादको दिशामा अग्रसर आत्मनिर्भर नेपालको निर्माण गर्न सकिन्छ ।

> हामीले अभ्यास गरिरहेको समाजवादोन्मुख भनिने, तर सारमा पूँजीपतिको हितमा रहेको अर्थतन्त्र बारे नयाँ ढंगले गम्भीर बहस गर्नु र वास्तविक अर्थमा देश र जनहित अनुकूलको समाजवादी कार्यदशा तय गर्नु आवश्यक देखिन्छ ।

# एनपिएलले उघारेको सपना



डा शोभाकर पराजुली

देशको खेल इतिहासमै पहिलोपटक भएको नेपाल क्रिकेट लिग (एनपिएल) को भव्यताले आम खेल क्षेत्रमा एक प्रकारको उत्साह र उमङ्ग छाएको छ । यो नेपालको सबैभन्दा धेरै धनराशि लगानी गरिएको पहिलो घरेलु प्रतियोगिता हो । यसले देशीय मात्रै नभई अन्तर्राष्ट्रियरुपमा पनि चर्चा बटुल्न सफल भयो । यसले नेपाली खेल र खेलाडीको अन्तर्राष्ट्रिय परिचय उचाइमा पुऱ्याएको मात्रै छैन, बरु खेल क्षेत्रको विकासमा नयाँ आयाम पनि थपिदिएको छ ।

जसरी नेपाली खेलाडीको अन्तर्राष्ट्रिय परिचय उँचो भएको छ, त्यो भन्दा अग्लो नेपाली क्रिकेटको परिचय अन्तर्राष्ट्रियस्तरका खेलाडीहरूले पनि बनाइदिएका छन् । एनपिएलमा सहभागी आठ फ्रेन्चाइज समूहका लागि विभिन्न देशबाट आएका दर्जन बढी अन्तर्राष्ट्रिय खेलाडीले नेपाल र नेपाली खेलकुदलाई विश्व मञ्चमा पहिचान पुऱ्याउन सहयोग पुगेको छ । विदेशी खेलाडी नेपालको घरेलु प्रतियोगितामा भाग लिन आउँदा नेपाली खेलाडीमा उत्साह मात्रै सञ्चार भएको छैन, बरु उनीहरूले नेपालको प्राकृतिक र नेपाली भूगोलको समेत परिचय विश्वमाझ पुऱ्याएका छन् । यसरी हेर्दा क्रिकेटको यो घरेलु महाकुम्भले खेलमात्रै नभएर आर्थिक, सामाजिक र पर्टकीय हिसाबले पनि देशलाई निकै फाइदा पुगेको छ र सँगसँगै क्रिकेटको यो महामेलाले खेलको मनोरञ्जन मात्रै नभएर देशको अर्थतन्त्रलाई एउटा दिगो दिशा पनि दिएको छ । यो सँगै एनपिएलएले सामाजिक एकता तथा साम्प्रदायिक सद्भावको सुगन्ध पनि छरेको छ ।

नेपालमा धेरै प्रकारका खेलहरू छन् । ती सबका आआफ्ना महत्व, मान्यता र इतिहास छन् । तिनले हाम्रो समाजलाई भावना र आत्मीयरुपमा पनि जोडिआएका छन् । कुनै कुनै खेलहरू यस्ता पनि छन्, जसले समुदायको पहिचान बोकेका हुन्छन्, इतिहास बोकेका हुन्छन् । ती आफैँमा हाम्रा सामजिक र सांस्कृतिक पहिचान पनि बनेका छन् । कतिपय खेलले नेपाललाई अन्तर ाष्ट्रियरुपमा चिनाइरहेका छन् । त्यस्तै पछिल्लो समय नेपाललाई चिनाउने एउटा आयाम बनेको छ, क्रिकेट पनि ।

क्रिकेटको विश्व इतिहास सदियौं लामो छ । १६ औं शताब्दीको शुरुआततिर बाहिर खेलिन थालेको यो खेल नेपालमा भने १९औं शताब्दीतिरमात्रै शुरुआत भएको देखिन्छ । त्यो बेलाको राजनीतिक र सामाजिक व्यवस्था अनि अवस्थाका कारण यो खेल कुनै बेला दरबारका पर्खालभित्र मात्रै सीमित थियो । अर्थात् शासकहरूले आफ्नो परिवारको मनोरञ्जनका लागि मात्रै यो खेल खेल्न शुरु गरेका थिए । शासकीय दायराबाट विस्तारै गल्ली र मैदानसम्म आइपुगेको क्रिकेटले अहिले चौतर्फी उत्साह थपिरहेको छ । साँघुरा गल्ली, खेलबारी र अप्ठ्यारा मैदानबाट उठेर नेपाली क्रिकेट अहिले विश्वस्तरीय प्रतिस्पर्धासम्म पुगिसकेको इतिहास छ । यो खेलको साँघुरो इतिहास अहिले यो निकै विराट भइसकेको छ र अझ उज्यालो भविष्यको यात्रामा अघि बढिरहेको छ । १६ औं शताब्दीतिर युरोपबाट सुरु भएको यो खेल अब विश्वभरि फैलिइसकेको छ । र, यो खेल अब मात्रै मनोरञ्जनका लागि मात्रै रहेन, बरु क्रिकेट अब कैयौ राष्ट्रका लागि अर्थतन्त्रको एउटा हिस्सा बनिसकेको छ ।

नेपालमा कुनै बेला बेलायततिरको सिको गरेर राणाहरूले आफ्ना सन्तान र परिवारबीच मनोरञ्जनका लागि पर्खालभित्र शुरु गरेको क्रिकेट अहिले हरेक नयाँ जन्मिने बालकको सपना बनिसकेको छ । त्यसैमा उनीहरूले भविष्य देखिरहेका छन् र खोजिरहेका छन् । नेपालमा राणा शासनकालदेखि नै क्रिकेटको शुरुआत भएको देखिन्छ । २००४ सालमै नेपालमा क्रिकेट सङ्घ गठन भएको थियो तर त्यसले २०५२ सालमा आएर मात्रै अन्तर ाष्ट्रिय क्रिकेट सङ्घबाट मान्यता पायो । यद्यपि, दरबारका पर्खाल नाघेर आम नागरिकस्तरमा क्रिकेट खेल २००६ सालदेखि नै खेल्न शुरु भएको इतिहासहरू भेटिन्छन् ।

सुधार र आधुनिकतातिर झुकाव राख्ने कतिपय राणा शासकहरूले जनस्तरमै त्यो बेलादेखि क्रिकेट खेलाउन शुरु गरेका थिए । १९१९तिर दरबार हाइस्कुलमा क्रिकेट खेलाइएको थियो तर खुल्लारुपमा २०३७ सालतिर मात्रै राष्ट्रियस्तरको क्रिकेट प्रतियोगिता आयोजना भयो । यस प्रतियोगितामा अञ्चलस्तरीय समूहहरू सहभागी भएका थिए । त्यसपछि विस्तारै गति लिन थालेको क्रिकेटले २०४६ साल तथा २०६३ सालपछि व्यावसायिकरुपमा पनि गति लिन थाल्यो । यसरी शासकको दरबारिया पर्खाल अनि साँघुरा गल्ली र घाँसे मैदानहरू हुँदै अहिले नेपाली क्रिकेट अब अन्तर्राष्ट्रियस्तरसम्म पुगिसकेको छ । नेपाल अब एकदिवसीय क्रिकेटको मान्यता प्राप्त राष्ट्र मात्रै होइन, विश्वकपको प्रतिस्पर्धासम्म पुगिसकेको देश बन्न सफल भएको छ । पुरुष क्रिकेट मात्रै नभएर नेपालको महिला क्रिकेट पनि अहिले विश्वस्तरीय प्रतिष्पर्धामा भाग लिनसक्ने भइसकेको छ ।

खासगरी अहिले क्रिकेट खेल एशियाली राष्ट्रहरूको एउटा ढुकढुकीका रुपमा स्थापित भइरहेको छ । छिमेकी भारतमा त यो खेल हरेक नागरिकको आस्थाजस्तै बनिसकेको छ । यहाँ क्रिकेटलाई मनोरञ्जन, आर्थिकोपार्जन अनि व्यवसाय मात्रै होइन, यसलाई त धेरै भारतीयले आफ्नो राष्ट्रियताको मानकसमेत बनाइसकेका छन् । अर्थतन्त्रका हिसाबले हेर्ने हो भने त विश्व क्रिकेटको आधाभन्दा बढी हिस्सा भारतकै देखिन्छ । यसमा लगानी गर्नेहरूको तँछाडमछाँड मात्रै होइन, त्यसले गर्दा धेरै खेलाडीको जीवनस्तर पनि उकासिएको छ । अहिले भारतमा ससाना प्रतियोगिताहरू मात्रै होइन, टोलटोलका क्रिकेट खेलाडीहरूको समेत प्रमुख आर्थिक र जीवनको आधार यही खेल बनेको छ र विस्तारै नेपालमा पनि अब हरेक खेलाडीले क्रिकेट खेलेरै जीवन धान्ने आधारहरू तयार भइरहेका छन् । भर्खरै सम्पन्न एनपिएलको पहिलो संस्करण त्यसकै एउटा जीवन्त उदाहरण हो । एनपिएलको पहिलो संस्करणमै देखिएको लगानीको उत्साहले नेपालको अर्थतन्त्रलाई चलायमान बनाएको छ । यसको शुरुआती भव्यताले एकातिर क्रिकेटमाथि लगानी सम्भावनाका ढोकाहरू खुलेका छन् भने यसबाट अरु व्यापार व्यवसायमा पनि फाइदा नै पुगेको छ । नयाँ पुस्ताका खेलाडीहरूलाई आकर्षित गर्न मदत गरेको छ भने स्थापित खेलाडीहरूलाई पनि अब भविष्यका लागि देशै छोड्नुपर्ने बाध्यता हट्दैछ भन्ने सन्देश दिएको छ । खेल खेलेरै नेपालमा पनि आरामदायी जीवन बाँच्न सकिन्छ भन्ने एनपिएलले छोडेको छ ।

हरेक खेल जति व्यक्ति वा उसको व्यक्तिगत स्वास्थ्य तथा मनोरञ्जनका लागि आवश्यक छ, त्यत्तिकै राष्ट्र र राष्ट्रियताका लागि पनि खेलक्षेत्र सबल हुन जरुरी छ । तर हाम्रो राज्यको नीतिगत तहमै खेल क्षेत्रलाई उतिसारो प्राथमिकता दिएको देखिँदैन । त्यसमा पनि खेल अनि खेलाडीको वृत्तिविकासका लागि गठन भएका सङ्घसंस्थाहरूमै राजनीति घुस्दा अझ तहसनहस हुँदै गइरहेको अवस्था छ । टोलका गल्लीहरू हुँदै अन्तर्राष्ट्रिय मैदानसम्म पुगिसकेको नेपाली क्रिकेटको अवस्था पनि त्यो भन्दा फरक छैन । क्रिकेटमात्रै होइन, अहिलेसम्म जति पनि खेलमा नेपालको नाम गाँसिएको छ, त्यो सब मात्रै खेलाडीको आफ्नो मेहनत र परिश्रमबाट मात्रै सम्भव भएको देखिन्छ । राज्यले न खेल क्षेत्रमा लगानी गरेको छ न खेलाडीलाई प्रोत्साहन गर्न सकेको छ ।

अन्तर्राष्ट्रियस्तरसम्म पुगिसकेको क्रिकेटको हकमा पनि राज्यको यही र यस्तै उदासिनता छ । अहिलेसम्म नेपालमा अन्तर्राष्ट्रिय मापदण्डअनुसारको क्रिकेट मैदानसमेत छैन । अन्तर्राष्ट्रिय क्रिकेट संघको आधिकारिक मान्यता पाइसकेपछि २०५५ सालमा नेपालले पहिलोपटक अन्तर्राष्ट्रियस्तरको क्रिकेट प्रतियोगिताको आयोजना गर्ने मौका पाएको थियो । त्यही मौकामा कीर्तिपुर र पुल्चोकमा क्रिकेट मैदानहरू बनेका थिए । यद्यपि, पहिलोपल्ट भएको त्यो अन्तर्राष्ट्रियस्तरको एसिसी ट्रफीमा नेपाल सबै खेलहरूमा पराजित भयो । तथापि, त्यसबाट नेपालमा क्रिकेटको व्यावसायिक यात्राको शुरुआत भएको मानिन्छ । त्यो बेला बनेको क्रिकेट मैदान नेपालमा ठूला प्रतियोगिताहरू खेल्ने र खेलाउने एकमात्रै रङ्गशाला हो । यति हुँदासम्म पनि राज्यले रंगशालालगायत खेल क्षेत्रको भौतिक बिकासमा खासै उदार भएको देखिंदैन । ठाउँठाउँमा मैदानहरू बन्न शुरु भए पनि राज्यले त्यसको अपनत्व नलिँदा ती लथिलिङ्ग अवस्थामा छन् ।

खेल क्षेत्रको यो भौतिक दूरावस्थासँगै कैयौं खेलाडीको पनि त्यस्तै अवस्था छ । एनपिएलकै बेला थाहा भयो विश्वभरि थुप्रै त्यस्ता राम्रा नेपाली खेलाडीहरू पनि छन् । यही प्रतियोगिता खेल्नका लागि विश्वका ठूलठूला क्लबहरूमा खेल्ने नेपाली मूलका खेलाडीहरू पनि एनपिएलमा सहभागी भए । उनीहरूलाई नेपालमै बस्ने वातावरण बनाउनु राज्यको दायित्व हो । त्यस्तै मैदानहरूको अन्तर्राष्ट्रिय मापदण्डअनुसारको स्तरोन्नतिले अरु पनि थुप्रै अन्तर्राष्ट्रियस्तरका प्रतियोगिताहरू यहाँ खेलाउन सकिन्छ भन्ने सन्देश पनि एनपिएलले छोडेको छ । एनपिएलको पहिलो संस्करणमा खेलाडी, खेल क्षेत्र वा आर्थिक तथा सामाजिक क्षेत्रमा जुनखालको उत्साह, उमङ्ग र गतिशीलता देखिएको छ त्यसलाई राज्यले अवसरका रुपमा लिनुपर्छ । सबैभन्दा पहिला खेल क्षेत्रमा झाँगिएको राजनीतिको अन्त्य हुनुपर्छ । अनि राज्यले नीतिगत तहमै खेल क्षेत्रको भौतिक विकास र खेलाडीको व्यक्तिगत जीवनका लागि निर्णायक भूमिका खेल्नुपर्छ ।

# बेरूजु फर्छ्यौटका काममा गति दिने लेखा समिति निर्णय

काठमाण्डु । सङ्घीय संसद् प्रतिनिधिसभाअन्तर्गतको सार्वजनिक लेखा समितिले महालेखापरीक्षक कार्यालयको प्रतिवेदनले औँल्याएका बेजुरू फर्छ्योटलाई गति दिने निर्णय गरेको छ।

समितिअन्तर्गतको बेरूजु फर्छ्योट उपसमितिको बैठक नियमित गर्ने र १५ दिनभित्र महालेखापरीक्षक कार्यालयको साठिऔँ प्रतिवेदनमाथिको छलफल टुङ्ग्याइसक्ने निर्णय भएको सभापति ऋषिकेश पोखरेलले जानकारी दिनुभयो । उहाँका अनुसार बेरूजु फर्छ्योटका काम टुङ्ग्याएपछि समितिमा परेका उजुरीमाथि छलफल गरिनेछ । त्यस्तै, बेरूजु फर्छ्योटको अवस्थाबारे सम्बन्धित मन्त्रालयका सचिवहरूलाई बोलाएर छलफल गर्ने निर्णय पनि समितिले गरेको छ।



लेखा समितिको सोमबारको बैठकमा प्रतिपक्ष दलका सांसदहरूले सभापति पोखरेलको श्रीमती सहकारी ठगी प्रकरणमा मुछिएको र समितिको नेतृत्व प्रतिपक्षले पाउनुपर्ने विषयसमेत उठाएका छन् ।नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का सांसद अमनलाल मोदीले सभापति पोखेरल पत्नी सहकारी ठगी प्रकरणमा मुछिएको विषय उठाएपछि सत्तापक्ष दलका सांसदहरूले त्यसको बचाउ गरेका छन् ।

लेखा समिति सभापति प्रतिपक्ष दलले पाउनुपर्ने पनि सांसद मोदीको भनाइ थियो । “सहकारीको विषयमा सार्वजनिक लेखा समितिको सभापतिमाथि नै प्रश्न उठिसकेपछि यसबारे जवाफ दिनुपर्ने हुन्छ । शक्ति सन्तुलनका लागि समितिका काम प्रभावकारी बनाइरहन पनि लेखा समितिको सभापति प्रतिपक्षले पाउनुपर्छ”, सांसद मोदीको भनाइ थियो ।सांसद मोदीको भनाइप्रति सत्तापक्ष सांसदहरू योगेशकुमार भट्टराई, श्यामकुमार घिमिरे, गोकुलप्रसाद बाँस्कोटा, देवप्रसाद तिमलसेनालगायतले विमति राख्नुभएको थियो ।

“सभापतिको श्रीमतीको नाम सहकारी प्रकरणमा जोडिएको छ । उहाँ अदालतमा हाजिर हुन जानुहुन्छ । यो विषय न्यायिक निरूपणबाट स्पष्ट हुने भन्नेमा एमाले स्पस्ट छ । बाहिर चिच्याउँदै कराउँदै हिँड्ने होइन”, भट्टराईले भन्नुभयो, “जहाँसम्म सभापति प्रतिपक्षले पाउने भन्ने विषय छ, विगतमा एउटा परिस्थितिमा राजनीतिक सहमतिका आधारमा संसद् र समितिको नेतृत्व तोकिएको थियो । अब फेरि परिवर्तन गर्ने हो भने बदलिएको परस्थितिअनुसार संसद्मा नेतृत्व अदलबदल गरौँ, समिति सभापति फेरौँ ।” विगतमा राजनीतिक सहमतिमा भएका निर्णय कुनै व्यक्तिविशेषको आग्रहमा नबदलिने उल्लेख गर्नुहुँदै उहाँले दलहरूले नै परिवर्तन गर्न चाहे त्यसको निर्णय गर्नुपर्ने बताउनुभयो ।

नेपाली कांग्रेसका प्रमुख सचेतकसमेत रहनुभएका समिति सदस्य श्यामकुमार घिमिरेले पनि दलीय सहमतिका आधारमा समिति सभापति तोकिएकाले अहिले यसमा फेरबदल गर्ने हो भने दलहरूले नै त्यसमा सहमति खोज्नुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, “हामीले सहमतिका आधारमा समितिमा सभापति र सदस्य तोकेका थियौँ । यस विषयमा दैनिक कुरा उठ्ने तर निराकरण नहुने अवस्था राम्रो भएन । यसलाई दलगत रूपमा निरूपण गर्दा उपयुक्त हुन्छ ।”

सांसद गोकुलप्रसाद बाँस्कोटाले समिति सभापति पोखरेलमाथि आरोप लाग्दैमा त्यसैलाई अन्तिम सत्य मान्ने नभई अदालतको फैसलालाई मान्ने बताउनुभयो । “सभापतिको श्रीमतीको विषयमा प्रश्न आएका छन् । जसको बारेमा प्रश्न उठेको छ, उसले कानुनको सामना गर्न हिच्किचाउँदैन भन्ने मान्यता एमालेले राख्छ”, उहाँले भन्नुभयो, “सभापति दोषी हुनुहुन्छ भन्ने तरिकाले व्यक्तिगत हमला नगरौँ । व्यक्तिगत मानमर्दन गर्नेगरी लाञ्छना लाउन हुँदैन । यदि उहाँ दोषी देखिनु भयो भने पदमा बसिरहन हुँदैन । कानुनी राज नै अन्तिम सत्य हो ।”


सांसद सञ्जयकुमार गौतमले मुलुकमा सुशासन र आर्थिक पारदर्शिताका कायम गर्नका लागि लेखा समितिले महत्त्वपूर्ण भूमिका खेल्ने भएकाले यसका काम प्रभावकारी बनाइनुपर्ने बताउनुभयो । “लेखा समितिले के काम गरेको छ ? समितिले सरकारमाथि कस्तो दबाब सिर्जना गरेको छ ? हामीले दिएका निर्देशन कहाँ पुगेका छ्न खोजौँ”, उहाँले भन्नुभयो, “राष्ट्रिय गौरवको आयोजना कुन हालतमा छन् ? विगतमा भएका निर्णयको समीक्षा गरौँ । हामी सही ठाउँमा उभिन सकेका छैनौँ भनेर प्रश्न उठेको छ ।”

सांसद देवप्रसाद तिमलसेनाले पनि समितिले गरेका अनुगमन र दिएका निर्देशनको कार्यान्वयनको अवस्थाबारे प्रश्न गर्नुभयो । “समितिले गरेका अनुगमनका प्रतिवेदन कहाँ छन् ? त्यसको कार्यान्वयनको अवस्था कस्तो छ ? समितिमा परेका सबै उजुरीमाथि छानबिन गरौँ”, उहाँले भन्नुभयो ।

सांसद रामकृष्ण यादवले पनि लेखा समितिले यसअघि गरेका निर्णय र दिएका निर्देशनको कार्यान्वयनको अवस्थाबारे खोजीनिती गरिनुपर्ने बताउनुभयो ।त्यस्तै, सांसद डा अमरेशकुमार सिंहले समितिको विधायिकी दायित्व कमजोर भएको, सांसदहरू समितिमा आउन नखोजेको, बेरूजु फछ्र्यौटका काम प्रभावकारी हुन नसकेकोलगायत विषयहरू उठाउनुभयो । समितिअन्तर्गतका उपसमितिहरूको काम पनि प्रभावकारी ढङ्गले अघि बढाइनुपर्ने उहाँको भनाइ छ ।रासस

# ‘सिकलसेल एनिमियाका बिरामीलाई निःशुल्क औषधि’

नेपालगञ्ज । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले सिकलसेल एनिमियाका बिरामीलाई निःशुल्क औषधि र स्तरीय उपचारको व्यवस्था गरिने बताउनुभएको छ।




भेरी अस्पताल, नेपालगञ्जमा सोमबार स्थापना गरिएको अत्याधुनिक ‘अपरेसन थिएटर’को उद्घाटन गर्दै मन्त्री पौडेलले सिकलसेल र थालेसेमियाका बिरामीको उपचारमा सरकारले कुनै पनि कमी हुन नदिने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, “यसका बिरामीका लागि सात प्रदेशका प्रादेशिक अस्पतालहरूमा छुट्टै वार्डको प्रबन्ध गरिनेछ।”

सिकलसेलका बिरामीका लागि भारत सरकारसँग औषधि माग गर्न पत्राचार भएको र अन्तिम चरणमा रहेको जानकारी दिँदै मन्त्री पौडेलले भारतले औषधि दिने सहमति जनाएपछि सबै प्रक्रिया पूरा गरिएको बताउनुभयो । उहाँले भन्नुभयो, “सिकलसेल रोगको उपचारका लागि वार्ड स्थापना गरिएका सबै अस्पतालमा सिकलसेलको औषधिपठाइनेछ,त्यहीँबाटबिरामीलाई आवश्यकताअनुसार वितरण गरिनेछ।” मन्त्री पौडेलले सरकारले बिरामीको उपचारका लागि विभिन्न काम गरिरहने जनाउँदै रोग लाग्नै नदिन तथा रोगबाट जोगिन विभिन्न चेतनामूलक कार्यक्रमहरू पनि नियमित सञ्चालन गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । बीमालाई व्यवस्थित गर्ने काम पनि सरकारले गरिरहेको उल्लेख गर्दै मन्त्री पौडेलले बीमालाई योगदानमा आधारित बनाउन लागिएको बताउनुभयो । सिकलसेलका बिरामीका लागि छुट्टै वार्ड स्थापना गरिएपछि अब बिरामीले बेड नपाउने समस्या समाधान भएको उहाँले उल्लेख गर्नभयो ।

ब र्दि या का ब‍ारबर्दियाका बिरामी दीपक थारूले अब औषधिलाई बिमाभित्र पार्नुपर्नेमा जोड दिनुभयो। सोअवसरमा सिकलसेल वार्डको निरीक्षण गर्दै मन्त्री पौडेलले बिरामीहरूसँग पनि उपचार र अन्य समस्याका बारेमा जानकारी लिनुभयो । कार्यक्रममा भेरी अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा निराजन सुवेदी, सिकलसेल एनिमियाको उपचारमा लामोसमयदेखिसंलग्नवरिष्ठचिकित्सकडा राजन पाण्डे, सिकलसेल सोसाइटी नेपालका अध्यक्ष प्रभुराम थारू लगायतले सिकलेलको अवस्था, उपचार र समस्या समाधानको उपायबारे धारणा राख्नुभएको थियो ।

भेरी अस्पताल विकास समितिका अध्यक्ष वीरेन्द्रबहादुर शाह, सदस्य डा डक्टप्रसाद धिताल र अस्पतालका प्रमुख नरसिं प्रशासक दुर्गा लक्ष्मी श्रेष्ठले अस्पतालमा जनशक्ति थप्नुपर्ने तथा बीमाको रकम तत्काल पठाउन लगाउनुपर्नेमा मन्त्रीको ध्यानाकर्षण गराउनुभयो ।रासस

# गृह मन्त्रालय र केयूबीच समझदारीपत्रमा हस्ताक्षर

काठमाण्डु । गृह मन्त्रालय र काठमाडौँ विश्वविद्यालय (केयू)को मानसिक स्वास्थ्य विभागबीच मानसिक स्वास्थ्य अध्ययन-अनुसन्धानका लागि समझदारीपत्रमा हस्ताक्षर भएको छ।

गृह मन्त्रालयका विपद् महाशाखा प्रमुख डा टोकराज पाण्डे र विश्वविद्यालयका मानसिक स्वास्थ्य विभाग प्रमुख डा दीपक कुँवरले समझदारीपत्रमा सोमबार हस्ताक्षर गर्नुभएको हो । त्यस अवसरमा गृहमन्त्री रमेश लेखकले गृह मन्त्रालय र काठमाडौँ विश्वविद्यालयको प्रयासमा आत्महत्याका घटानालाई नियन्त्रण र न्यूनीकरणमा सहयोग पुग्ने धारणा राख्नुभयो । गृह मन्त्रालय र काठमाडौँ विश्वविद्यालयको प्रयासमा एक वर्षमा आत्महत्याका घटना ठूलो सङ्ख्यामा घट्ने गृहमन्त्री लेखकले विश्वास व्यक्त गर्नुभयो ।

“आत्महत्याको विषय गम्भीर छ । प्रत्येक दिनको रेकर्ड हेर्दा म आत्तिन्छु, डराउँछु । पछिल्लो २४ घण्टामा मात्र ३७ जनाले आत्महत्या प्रयास गरेका छन् । जसमध्ये ११ जनाको मुत्यु भएको छ । बाँच्न सफल २६ जनाले जुनसुकै बेला पनि आत्महत्या गर्ने खतरा हुन्छ”, उहाँले भन्नुभयो ।

आत्महत्याको कारण, कारक र निदानको उपायको खोजीका लागि काठमाडौँ विश्वविद्यालयले अध्ययन र अनुसन्धान गर्ने उहाँको भनाइ छ । “नेपाल प्रहरीले पनि आत्महत्या न्यूनीकरण कार्ययोजना २०८१ जारी गरेको छ । आत्महत्या न्यूनीकरण गर्नेमा हामीले काम राखेकै छौँ । तर यत्तिले पुगेन । थप अगाडि बढ्नुपर्‍यो । त्यसका लागि काठमाडौँ विश्वविद्यालयलेसँग मिलेर काम गर्दा उपलब्धि प्राप्त गर्छौं,” गृहमन्त्री लेखकले भन्नुभयो, “आत्महत्या गर्ने सम्भावना भएका मानिस र आत्महत्या उद्योग गरे पनि मृत्यु नभएका मान्छेको पहिचान गरेर प्रहरीले काठमाडौँ विश्वविद्यालयको मानसिक स्वास्थ्य विभागलाई जानकारी गराउँछ ।”

उहाँका अनुसार मानसिक स्वास्थ्य विभागले टेलिमेडिसिनमार्फत त्यस्ता मान्छेलाई मनोपरामर्श दिनेछ । आत्महत्या नियन्त्रण र न्यूनीकरणसम्बन्धी मानसिक स्वास्थ्य विभागले नेपाल प्रहरीलाई पनि आधारभूत तालिम दिने गृहमन्त्री लेखकले बताउनुभयो ।

केही समयपछि आत्महत्यासम्बन्धी एउटा ‘एप’ विकास गरेर सबै कुरालाई एपमा समावेश गर्ने योजना रहेको पनि उहाँको भनाइ छ ।

आत्महत्या न्यूनीकरणबारे तीन महिनामा आवधिक मूल्याङ्कन गर्न गृहमन्त्री लेखकले निर्देशन दिनुभयो । “तीन महिनामा नेपाल प्रहरीले आत्महत्याको प्रयास गरेका कति मान्छेलाई मानसिक स्वास्थ्य विभागलाई जानकारी गरायो । कति जनालाई मानसिक स्वास्थ्य विभागले मनोपरामर्श दियो । हामीले कति मान्छेलाई जोगाउन सक्यौँ भनेर आवधिक रुपमा मूल्याङ्कन गर्नुपर्छ,” उहाँले भन्नुभयो ।




विश्वविद्यालयका मानसिक स्वास्थ्य विभागका प्रमुख कुँवरले गृह मन्त्रालयसँग भएको सम्झौताले आत्महत्या न्यूनीकरणका लागि काठमाडौँ बाहिर पनि काम गर्ने अवस्था बनेको बताउनुभयो । ‘टेलिमेडिसियनमार्फतदूरदराजसम्म पनि पुग्न सकिन्छ । गृह मन्त्रालयसँग मिलेर काम गर्दा राम्रो परिणाम दिन सकिन्छ”, उहाँले भन्नुभयो ।रासस

# पर्यटकलाई कुनै पनि समस्या आउन दिनुहुँदैनः मन्त्री पाण्डे

काठमाण्डु । संस्कृति, पर्यटन तथा नागरिक उड्डनमन्त्री बद्रीप्रसाद पाण्डेले पर्यटकलाई कुनै पनि समस्या नहुने गरी सहजीकरणको व्यवस्था मिलाउन विमानस्थलसम्बद्ध निकायका अधिकारीहरूलाई निर्देशन दिनुभएको छ।

सोमबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलसम्बद्ध निकायको बैठकमा उहाँले विदेशी नागरिक पहिलोपटक प्रवेश गर्ने अन्तर्राष्ट्रिय विमानस्थल संवेदनशील क्षेत्र भएकाले सकारात्मक सन्देश दिने गरी सबै जिम्मेवार भएर लाग्न निर्देशन दिनुभएको हो । “यो विमानस्थल संवेदनशील क्षेत्र हो । त्यसैले सुरक्षा निकायको भूमिका अझै प्रभावकारी बनाउनुपर्ने देखिन्छ । हाम्रा सेवा यात्रुमैत्री हुन जरुरी छ ।

एकपटक आउने विदेशी पर्यटकलाई पटक-पटक यहाँ आउने वातावरण बनाउनुपर्छ”, मन्त्री पाण्डेले भन्नुभयो ।

उहाँले ४६ लाख क्षमता भएको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलले हाल ९० लाख यात्रुलाई सेवा दिनुपर्ने बाध्यता रहेकाले प्रविधिमैत्री सेवा प्रवाह गरी सेवा चुस्तदुरुस्त बनाउनसमेत आग्रह गर्नुभयो । मन्त्री पाण्डेले विमानस्थलमादेखिएकासमस्याहरूको पहिचान गरी १५ दिनभित्र कार्ययोजना बनाएर अघि बढ्न निर्देशन दिनुभयो ।

उहाँले भन्नुभयो,“भन्सार, अध्यागमन, एयरलाइन्स, क्यान कसले के-के काम गर्ने र कति सयमभित्र गर्ने भनि कार्यायाजनासहित अगाडि बढ्न आवश्यक छ । त्यसका लागि १५ दिनभित्र योजना बनाउनुहोस्।अन्तरमन्त्रालयमार्फत हुने समन्वयात्मक कार्यका लागि हामी सधैँ अग्रसर रहनेछौँ ।”रासस


## नेपाल राष्ट्र बैंक
### जनकपुर कार्यालय

## सामान लिलाम सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सुचना

(प्रथम पटक प्रकाशित मितिः २०८१/०९/०९)

यस कार्यालयको देहाय बमोजिमका शीर्षक अन्तर्गतका सामानहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति वा फर्महरुबाट बोलपत्र खरिद गरी १६ औं दिन दिउँसो १२ बजेभित्र (उक्त दिन बिदा परेमा कार्यालय खुलेको पहिलो दिन) देहायको शर्तको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्न यो सुचना प्रकाशित गरिएको छ ।

**विवरणः**

| समुह | लिलाम हुने मालसमान | न्युनतम मुल्य रु.(मु.अ.कर समेत) |
|---|---|---|
| क | कम्प्युटर एण्ड एक्सेसरिज | ७,३००।- |
| ख | कार्यालय उपकरण | ७,५००।- |
| ग | मेशिनरी उपकरण (जेनेरेटर सहित) | ९५,२००।- |
| ३ | फर्निचर तथा फिक्स्चर्स (ए सी सहित) | १,००,०००।- |
| ङ | अन्य फुटकर सम्पत्ति | ३६,२६०।- |
| | **कुल न्युनतम मुल्य** | **२,४६,२६०।-** |
| | **अक्षरेपी रु. दुई लाख छयालिस हजार दुई सय साठी मात्र।** | |

१. लिलाम सिलबन्दी बोलपत्र मिति २०८१ पुस २४ गते दिनको २:०० बजे (उक्त दिन विदा परेमा कार्यालय खुलेको पहिलो दिन) यस कार्यालयमा खोलिनेछ ।
२. बोलपत्रका साथ कबोल गरेको रकमको पाँच प्रतिशत (५%) ले हुन आउने रकम यस कार्यालयको सण्ड्री क्रेडिटर्स हिसाब नं. १६०९९९९-०११-००१-५२४ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश गर्नुपर्नेछ ।
३. लिलाम सम्बन्धी बोलपत्र स्वीकृत भएको जानकारी दिएको मितिले तीन दिनभित्र सम्झौता गर्नुपर्नेछ। अन्यथा बोलपत्र रद्द गरी धरौटी वापतको रकम जफत गरिनेछ ।
४. बोलपत्र फाराम रु. ५००।- (फिर्ता नहुने गरी) यस बैंकको ना.नो.आ.हि. खाता नं. १६००००० -०३०-०१२-५२४ बुझाई मिति २०८१ पुस २३ गते दिनको ३ बजेसम्म यस कार्यालयको आन्तरिक प्रशासन फाँटबाट लिन सकिनेछ ।
५. लिलाम हुने सामानहरुको विवरण तथा सोको न्युनतम मुल्य यस कार्यालयको सुचना पाटीमा टाँस गरिएको छ । लिलाम हुने सामान हेर्न/बुझ्न चाहेमा कार्यालय समयमा कार्यालयको आन्तरिक प्रशासन फाँटमा सम्पर्क राख्न सकिनेछ ।
६. लिलाममा भाग लिने ईच्छुक व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि वा आफ्नो परिचय खुल्ने प्रमाणित कागजात र ईच्छुक फर्म वा कम्पनीले आफ्नो ईजाजतपत्र तथा फर्म वा कम्पनी दर्ता प्रमाणपत्र (नवीकरण गरेको), स्थायी लेखा नम्बर वा मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ ।
७. बोलपत्र सम्बन्धी यो सुचना यस बैंकको वेवसाइट www.nrb.org.np मा पनि हेर्न सकिनेछ ।
८. बोलपत्र दाताले प्रत्येक समुहमा बोलकबोल पेश गर्नुपर्नेछ । प्रत्येक समुहमा न्युनतम मुल्यांकन लिलाम मुल्य भन्दा बढी रकम तथा कुलमा सबैभन्दा बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत गरिनेछ ।
९. बोलपत्र सम्बन्धी अन्य शर्तहरु नेपाल राष्ट्र बैंक लिलाम सम्बन्धी निर्देशिका, २०६५ (प्रथम संशोधन, २०७४) को अनूसुची - ५ (ख) मा उल्लेख गरे बमोजिम हुनेछ ।

**निर्देशक**
**नेपाल राष्ट्र बैंक**
**जनकपुर कार्यालय**



## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८१ साल पुष महिना ९ गते मंगलबार)

यस विकास बैंकको शाखा कार्यालय गोलबजारबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो २१ (एक्काइस) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले २२ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औ दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

**१) कर्जा शिर्षक : कृषि आवधिक कर्जा तथा कृषि सहुलियत आवधिक कर्जा**

**ऋणीको विवरण**

नाम : **सुन्दर पशुपालन** प्रोप्राइटरको नाम : जय कुमार सिंह प्रा.फ.न.घ.उ.सि. : ८९२०/०७५/०७६
जारी गर्ने कार्यालय : उद्योग विकास शाखा, लहान, सिराहा दर्ता मिति : २०७५/०८/२४
रजिष्टर्ड ठेगाना : सिराहा जिल्ला अर्नमा गा.पा. वडा नं. ५ स्थायी लेखा नं. : ६०८८७१४८६

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) विन्देश्वर सिंहको छोरी विन्देश्वर महतोको बुहारी जय कुमार सिंहको पत्नी सिराहा जिल्ला कृष्णपुर वडा नं. ९ हाल, अर्नमा गा.पा. वडा नं. ५ बस्ने **राधा कुमारी** (ना.प्र.नं. : १५१०५९-३६ जारी मिति र जिल्ला : २०६३/११/१४, सिराहा)

२) अच्छेलाल महतोको नाति विन्देश्वर महतोको छोरा सिराहा जिल्ला कृष्णपुर वडा नं. ९ हाल, अर्नमा गा.पा. वडा नं. ५ बस्ने **जय कुमार सिंह** (ना.प्र.नं. : ८२०३२७७६ जारी मिति र जिल्ला : २०५७/०७/१६, सिराहा)

३) नारायण महतोको नाति अच्छेलाल महतोको छोरा सिराहा जिल्ला सन्हैठा वडा नं. ७ हाल, अर्नमा गा.पा. वडा नं. ५ बस्ने **विन्देश्वर महतो** (ना.प्र.नं. : ८२०३१९७७ जारी मिति र जिल्ला : २०३७/०३/२०, सिराहा)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :** मिति २०८१/०५/२० को कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धनीको नाम | ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (विघा) |
|---|---|---|---|---|
| विन्देश्वर महतो | सिराहा जिल्ला कृष्णपुर वडा नं. ९ | ९ | ८५६ | ०-१-१६ |
| | | | ३४०२ | ०-१-११.२५-० |
| | | | ९४१ | ०-२-१० |
| राधा कुमारी | सिराहा जिल्ला महिसोथा वडा नं. ८ | ८क | ३४०० | ०-०-६ |

**२) कर्जा शिर्षक : कृषि आवधिक कर्जा**

**ऋणीको विवरण**

नाम : **ववित‍ा कृषि फार्म** प्रोप्राइटरको नाम : ववित‍ा कुमारी महतो प्रा.फ.न.घ.उ.सि. : १२०२०/०७७/०७८
दर्ता जारी गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, लहान (सिराहा) दर्ता मिति : २०७७/१०/०८
रजिष्टर्ड ठेगाना : सिराहा जिल्ला धनगढीमाई गा.पा. वडा नं. १२ स्थायी लेखा नं. : ६१४८९३१८०

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) धर्मनाथ महतोको छोरी रजेन्द्र महतोको बुहारी पुनम महतोको पत्नी सिराहा जिल्ला विष्णुपुरकट्टी वडा नं. ६ हाल, धनगढीमाई गा.पा. वडा नं. १२ बस्ने **ववित‍ा कुमारी महतो** (ना.प्र.नं. : १५१०२१/१२६ जारी मिति र जिल्ला : २०६५/०३/०८, सिराहा)

२) बौएलाल महतोको नाति रजेन्द्र महतोको छोरा सिराहा जिल्ला विष्णुपुरकट्टी वडा नं. ६ हाल, धनगढीमाई गा.पा. वडा नं. १२ बस्ने **पुनम महतो** (ना.प्र.नं. : ११४६/२३५६९ जारी मिति र जिल्ला : २०५८/०१/१७, सिराहा)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :** मिति २०८१/०५/२० को कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धनीको नाम | ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (विघा) |
|---|---|---|---|---|
| पुनम महतो | सिराहा जिल्ला विष्णुपुर प्र.ध. वडा नं. ६ | ६घ | २२३ | ०-४-०-० |
| | | | १६६ | ०-३-१४-० |
| | | | १७१ | ०-४-१५-० |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८१/०९/२९ गते सोमबार भित्र यस बैंकको शाखा कार्यालय गोलबजार आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) प्राप्त बोलपत्रहरु मिति २०८१/१०/०२ गते बुधबार दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय गोलबजारमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

“नेपाल राष्ट्र बैंकबाट “ख” वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक”

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

# महाकुम्भमा दक्ष कामदारहरूको लागि रोजगारीका अवसर



एएनआई

प्रयागराज । प्रयागराजमा उत्तर प्रदेश सरकारद्वारा आयोजित महा कुम्भ मेलाले विशेष गरी कारीगरहरू र दक्ष कामदारहरूको लागि धेरै रोजगारीका अवसरहरू ल्याएको छ ।

कुम्भको समयमा 'त्रिवेणी सङ्गम' को किनाराहरू केही समयको लागि अस्थायी सहरमा परिणत हुन्छन् । यसले स्थानीय मानिसहरूलाई रोजगारीका अवसरहरू खोल्छ । यस वर्ष सन् २०२५ महाकुम्भ १३ जनवरीदेखि २६ फेब्रुअरी सन् २०२५ सम्म आयोजना हुँदैछ ।महाकुम्भ क्षेत्रमा ठूलो संख्यामा दक्ष कारीगर विभिन्न प्रकारका काममा सहभागी हुन आएका छन् ।

"हामीले यो काम (परालको झुपडी बनाउने) गर्दै आएका छौं । सबै कलाकार र कामदारहरू स्थानीय र केवट समुदायका हुन् । हाम्रो काम पुरातन जीवन शैलीबाट प्रेरित छ, जहाँ ऋषिहरू त्यस्ता झुपडीहरूमा बस्ने गर्थे । यसका लागि हामीसँग १५० जना कामदार भर्ना भएका छन् । हामीले दुईदेखि तीन महिनाको लागि रोजगारी पाउँछौं,"गीता प्रेसका उमाशंकर पाण्डेले एएनआईलाई बताउनुभयो ।

"हामी पूरै परालको झुपडीबाट बनेको बङ्गला बनाउँदैछौं । हामी प्रत्येक वर्ष माघ र कुम्भ मेलामा यो काम गर्छौं । यो हाम्रो लागि रोजगारीको अवसर हो । यसपछि कुनै रोजगारी छैन," एक मजदुरले बताउनुभयो ।"यी झुपडीहरू मेलाको समयमा मात्र बनाइन्छ । अहिले हामीसँग यो मात्र रोजगारी छ," मोहनलाल निषादले भन्नुभएको छ ।

गङ्गा र यमुनाको 'त्रिवेणी सङ्गम' को किनारबाट ड्रोन दृश्यहरूले सन् २०२५ महाकुम्भ मेलाको लागि राज्य सरकारले गरेको व्यवस्था, भक्तहरूलाई स्वागत गर्न तयार पालहरू र पवित्र स्थलमा अस्थायी पुलहरू बनाएको देखाउँदछ ।यसका साथै आगामी 'महा कुम्भ मेला' अगाडि अवधको पेशवाई जुलुस प्रयागराज पुगेको छ ।

पेशवाई एक औपचारिक जुलूस हो, जुन कुम्भ मेलामा साधुहरू र आखाडा वा सम्प्रदायका अन्य सदस्यहरूको आगमनलाई चिन्ह लगाउँछ । यो एक भव्य परम्परा हो । यसैबीच, अयोध्या नगर निगमले कुम्भ भक्तजनका लागि बासस्थानको व्यवस्था र खानेपानीको व्यवस्था गरेका छन् ।

अयोध्या नगर निगमद्वारा स्थापित आश्रय स्थानहरूले भक्तहरूलाई चिसो मौसमबाट बच्न मद्दत गर्नेछ । स्थानीय प्रशासनले गरिरहेको प्रयासले भक्तजनहरूलाई विशेष गरी कुम्भ पछि अयोध्या भ्रमण गर्नेहरूलाई कुनै समस्या नहोस् भनेर सुनिश्चित गर्नेछ ।अयोध्याका मेयर गिरीशपति त्रिपाठीले कुम्भको रमाइलोपछि सरयू नदी र रामलालाको दर्शन गर्न भक्तजनले अयोध्या आउने अपेक्षा गरिएको बताउनुभयो ।महाकुम्भको बारेमा पौराणिक मान्यता अनुसार प्रयागमा नुहाउनेहरू प्रायः सरयूमा स्नान गरी रामलल्लाको दर्शन गर्न जाने प्रयास गर्छन् ।

"यहाँ (अयोध्यामा) ठूलो संख्यामा भक्तजन आउने अपेक्षा गरिएको छ । हामीले दिनहुँ करिब एक लाख भक्तजनको सेवा गरिरहेका छौं ।

भक्तजनको सुरक्षाका लागि आश्रयस्थलको व्यवस्था गर्ने प्रयास गरिरहेका छौं । प्रयागराज पुगेपछि सहज अनुभव होस् भन्नका लागि नगर निगमले धेरै ठाउँमा सुरक्षित खानेपानी, शौचालय र बोनफायरको व्यवस्था पनि गरिरहेको छ,"त्रिपाठीले बताउनुभयो ।

यसअघि, उत्तर प्रदेश सरकारले भक्तहरूका लागि विशेष सुरक्षा व्यवस्था गर्यो । भीड नियन्त्रण सुनिश्चित गर्न घोडाहरूसहित प्रहरी तैनाथ गरेको छ ।

# एनपीएल फाइनलमा देखिएको 'अराजकता'माथि अनुसन्धान, हुलदङ्गा रोक्न विज्ञका कस्ता सुझाव

बीबीसी

काठमाण्डु । नेपाल प्रिमिअर लीग क्रिकेटको फाइनलपछि केही क्रिकेट समर्थकहरूले देखाएको अराजक व्यवहारको अनुसन्धान गरिरहेको बताइरहँदा यस्ता घटनाले देशमा लोकप्रियताको शिखरमा रहेको क्रिकेटको साख गिराउन सक्ने र भविष्यमा यस्ता गतिविधि रोक्न पहल थालिनुपर्ने विज्ञहरूले बताएका छन्।प्रतियोगिताभर जम्मा एक खेल हारेको सुदूरपश्चिम रोयल्सलाई फाइनलमा जनकपुर बोल्ट्सले पराजित गरेपछि बोल्ट्सका केही समर्थकहरूमाथि अपमानजनक र उच्छृ‌ङ्खल व्यवहार गरिएका विवरणहरू आएका छन्।



उनीहरुविरूद्ध संवेदनशील शब्दहरू प्रयोग गरिएका र कतिपय समर्थकहरूलाई हातपात भएका भनिएका भिडिओ फूटेज सामाजिक सञ्जालमा देखा परिरहेका छन्। नेपाल प्रहरीले उक्त घटनाको अनुसन्धान गरिरहेको र दुर्व्यवहारमा संलग्न रहेको आरोपमा दुई जना पक्राउ परेको जनाएको छ। आयोजक नेपाल क्रिकेट सङ्घका प्रवक्ताले आफूहरूले पनि त्यसबारे विस्तृत अध्ययन गर्ने र यस्ता घटना भविष्यमा हुन नदिन सावधानी बढाउने बताएका छन्।

नेपाली राष्ट्रिय क्रिकेट टोलीका एक जना पूर्व कप्तानले खेलमा समर्थकहरूबीच बेला बेलामा हुलदङ्गा हुनु सामान्य भए पनि यस्ता व्यवहारमा वृद्धि भए त्यसले नेपालमा बढ्दो क्रिकेटको लोकप्रियतालाई नै प्रभावित तुल्याउन सक्ने चिन्ता व्यक्त गरेका छन्। फाइनलमा सुदूरपश्चिम रोयल्सलाई पराजित गर्दै जनकपुर बोल्ट्सले उपाधि चुमेको खुसीयाली मनाइरहेको क्षणभरमै त्रिभुवन अन्तर्राष्ट्रिय क्रिकेट मैदान छेउछाउ केही समर्थकहरूले देखाएका भनिएका व्यवहार यो प्रतियोगिता सकिएको दुई दिनपछि पनि चर्चामा छ।

सामाजिक सञ्जालमा कैयौँ व्यक्तिहरूले खेलकुदमा विभेदलाई बढाउने र सामाजिक सद्भावमाथि नै प्रहार हुने गतिविधि देखा परेका भन्दै दोषीलाई कारबाही गर्न माग गरिरहेका छन्।जिल्ला प्रहरी परिसर काठमाण्डूका प्रवक्ता नवराज अधिकारीले उक्त घटनाबारे प्रहरीले अनुसन्धान गरिरहेको बीबीसीलाई बताए। उनले भने, "विभिन्न सामाजिक सञ्जाल, व्यक्ति र निकायहरूमार्फत् हामीलाई केही मानिसले दुर्व्यवहार गरे भन्ने उजुरी आयो। त्यसको आधारमा हामीले अनुसन्धान गर्दै जाँदा दुई जना व्यक्तिहरू नियन्त्रणमा लिएका छौँ।"उनले थप खोजीकार्य जारी रहेको भन्दै 'सामाजिक सद्भाव भत्काउने' हिसाबका टिप्पणीहरू सामाजिक सञ्जालमा नगरिदिन पनि अनुरोध गरेका छन्।

प्रवक्ता अधिकारीका अनुसार अनुसार खेल मैदानभित्र कुनै यस्ता गतिविधि हुन नपाऊन् भन्ने हिसाबले झन्डै १५ सय जना प्रहरी खटाइएको थियो।उनले भने, "खेल शान्तिपूर्ण रूपमा नै सञ्चालन भयो। तर निस्केर बाहिर जाँदा ती गतिविधि भए भन्ने कुरा आए। तत्काल हाम्रो जिल्ला प्रहरी परिसरको ध्यानाकर्षण भएर उच्छृ‌ङ्खल गतिविधिमा संलग्न हुनेहरूको पहिचान गर्ने क्रममा दुई जनालाई पक्राउ गरिसकेका छौँ।" भव्य रूपमा सम्पन्न भएको एनपीएलको पहिलो सिजनमा ८ टोली सहभागी थिए। अन्तर्राष्ट्रिय माध्यममा प्रसारणका कारण चर्चित यो प्रतियोगितामा खेल समर्थकहरूको व्यापक उपस्थिति थियो।

अधिकांश खेलहरू व्यवस्थित ढङ्गले सञ्चालन भएको देखिए पनि चिर प्रतिद्वन्द्वी सुदूरपश्चिम रोयल्स र जनकपुर बोल्ट्स निर्णायक खेलहरूमा भिड्न थालेपछि केही समर्थकहरूले उग्र व्यवहार देखाएका विवरणहरू सार्वजनिक भएका थिए।दुई खेलमा बेहोरेको पराजयपछि बोल्ट्सले फाइनलमा उपाधि जितेपछि 'मैदान बाहिर' त्रिभुवन विश्वविद्यालयका कतिपय क्षेत्रमा केही समर्थकहरूबीच नाराबाजी र झडप भएका समेत विवरण आएका छन्। नेपाली राष्ट्रिय टोलीका कप्तान रहिसकेका पूर्व क्रिकेटर पवन अग्रवाल यस्ता गतिविधिले क्रिकेटलाई बदनाम गराउने भन्दै समर्थकहरूमाझ सचेतना अभिवृद्धिमा जोड दिन्छन्।

उनले भने, "कुनै नराम्रो घटना भयो भने क्रिकेटका समर्थकहरूको स‌ङ्ख्या घटेर जाने हुन सक्छ। उग्र गतिविधि हिंसात्मक समेत बन्न सक्छ। जति सानो भए पनि यसलाई सबैले गम्भीरतापूर्वक लिनुपर्छ।"उनले थपे, "प्रशासनले पनि यसलाई कसरी शान्त पार्ने भन्नेमा ध्यान दिनुपर्छ। फ्रेन्चाइज टोलीका मालिकहरूले पनि आफैँ अघि सरेर यसलाई व्यवस्थित गर्न सके, खेलाडीहरू प्रयोग गरेर फ्यानहरूसँग अझ घुलमिल भए यो बिस्तारै ठिक हुन्छ।"

तर अग्रवाल नेपाल क्रिकेट सङ्घ वा आयोजक एक्लैले मात्रै यस्ता गतिविधिलाई नियन्त्रण गर्न नसक्ने ठान्छन् ।

उनले भने, "टोलीका मालिक र समर्थकहरू दुवैलाई शिक्षामूलक हुने खालको गतिविधि आयोजकहरूले गर्न सक्छन् ।

उग्र अवस्थामा नपुऱ्याउन भन्नेबाहेक अरू गर्न सकिने म देख्दिनँ। बिस्तारै समर्थकका हिसाबले पनि हामी परिपक्व हुँदै जाउँला। अहिलेलाई यस्तो नगरिदिनुहोस् भनेर जाँदा राम्रो हुन्छ।" नेपाल क्रिकेट सङ्घ (क्यान)ले औपचारिक रूपमा उक्त घटनाबारे टिप्पणी गरिसकेको छैन। नेपाल प्रिमिअर लीगको सञ्चालनका लागि क्यानले आफ्ना सचिव पारस खड्काको संयोजकत्वमा तीन सदस्य 'गभर्निङ काउन्सिल' गठन गरेको थियो।

त्यसमा क्यानका कोषाध्यक्ष पदम खड्का र सदस्य सुदीप शर्मालाई पनि राखिएको थियो। उनीहरूले नै प्रतियोगिताको आयोजनाको सम्पूर्ण जिम्मेवारी लिएका थिए।क्यानका प्रवक्ता छुम्बी लामाले आफूहरू पूर्ण रूपमा खेलमा केन्द्रित भएको, अहिले चर्चामा आएको गतिविधि मैदानबाहिरको भएको र यसबारे आफूहरूले पनि बुझिरहेको बताए।उनले भने, "हामीले माइकबाट नै यस्तो खालको गतिविधि नगर्न आह्वान गरिरहेका थियौँ। सुरक्षाको दृष्टिकोणले एकदमै संवेदनशील भएर हामीले काम गरिरहेका थियौँ। यस्तो हुनुहुँदैन भन्नेमा क्यान प्रस्ट छ। हुलदङ्गा भड्काउने काम जसले गरेको छ, त्यस्ता दोषीमाथि कारबाही गरिनुपर्छ।"

उनले खेलकुद सबैको साझा भएको र यसमा सबैको सकारात्मक भूमिका रहनुपर्ने भन्दै आगामी दिनमा यस्ता गतिविधि दोहोरिन नदिन आफूहरूले अझ ध्यान दिने बताए। प्रतियोगितालाई सुरक्षित ढङ्गले सञ्चालन गर्न आफूहरूले नेपाल प्रहरीबाहेक निजी क्षेत्रका सुरक्षाकर्मीसमेत प्रयोग गरेको क्यानले बताइरहेको छ।"अन्तिम दिन हामीले अझ सुरक्षा बढाएका थियौँ। यो घटनालाई प्रहरीले अनुसन्धान गरिरहेको होला। हामी पनि के हो, कसो हो भनेर छलफल गरिरहेका छौँ। हामी बस्छौँ, के भएको हो भनेर विस्तृतमा बुझेर के गर्न सकिन्छ त्यो पनि हामी हेर्छौँ।"

पछिल्लो घटनापछि मधेसी आयोगले एनपीएलमा 'उदण्ड' र 'अराजक' व्यवहार देखाउनेलाई कारबाही गर्न माग गरेको थियो। खेल प्रतियोगितामा विभिन्न किसिमका नाराबाजी र हुलदङ्गाका घटना नेपाल र अन्यत्र पनि बेला बेलामा हुने गरेका पाइन्छन्।त्यस्तोमा नियमनकारी निकायबाट आयोजक र खेल्ने निकायहरूलाई सचेत गराउनेदेखि विभिन्न किसिमका कदम चालिएका दृष्टान्त छन्।

सन् २०१० मा नेपाल र अमेरिकाबीच त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानमा भएको आइसीसी वर्ल्ड डिभिजन फाइभ प्रतियोगितामा नेपाली समर्थकहरूले मैदानमा ढुङ्गा र पानीका बोतल प्रहार गरेपछि अवस्था अनियन्त्रित बनेको थियो।नेपाल नराम्रोसँग हार्न लागेको उक्त खेल त्यसपछि झन्डै डेढ घण्टा रोकिएको थियो। ओभर घटाइएपछि नेपाल रनरेटका आधारमा आफूभन्दा माथि परेको भन्दै प्रतियोगितामा सहभागी टोली सिङ्गापुरले असन्तुष्टि जनाएको थियो।

त्यसलाई लिएर अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिलले समेत गहिरो चिन्ता व्यक्त गरेको थियो।पूर्व कप्तान अग्रवाल भन्छन्, "अस्थायी रूपमा त्यो मैदान प्रयोग गर्न नै प्रतिबन्ध गरेको थियो। हामीले त्यही बेला फेरि लबिङ गरेर यस्तो हुँदैन। एक चोटि भयो अब हुँदैन भनेर विश्वासमा लिएपछि त्यही बेला नै त्यो फिर्ता भयो।"

# 'रुसले धेरै भन्दा धेरै युक्रेनी युद्धबन्दीलाई मृत्युदण्ड दिइरहेको छ'

बीबीसी

काठमाण्डु । युक्रेनी निशानेवाज ओलेक्सान्डर मटसिएभ्स्कीलाई रुसीहरूले पूर्णस्तरको युद्ध सुरु भएको पहिलो वर्ष कब्जामा लिएका थिए। पछि, एउटा भिडिओ सार्वजनिक भयो जसमा उनले जङ्गलमा अन्तिम पटक चुरोट खाइरहेको देखिन्थ्यो। उनलाई खन्न बाध्य पारिएको एउटा चिहान नजिकै उक्त भिडिओमा उनी देखिएका थिए।भिडिओमा उनले आफूलाई बन्धक बनाउनेहरूका सामु "युक्रेन जिन्दावाद!" भन्छन्, र त्यसपछि गोली चलेको आवाज सुनिन्छ अनि उनी ज्यान गुमाएर ढल्छन्।



उनको यो मृत्युदण्ड धेरै यस्ता घटनामध्ये एक हो। यसै वर्षको अक्टोबरमा रुसी फौजले कब्जामा लिएका भनिएका ९ युक्रेनी सैनिकहरूलाई कुर्स्क क्षेत्रमा मारिएको थियो। युक्रेनी अभियोजकहरूले उक्त घटना र भुइँमा अर्धनग्न शरीरहरू छरपष्ट देखिने एउटा फोटोका बारे अनुसन्धान गरिरहेका छन्। उक्त तस्बिरको आधारमा एक ड्रोन सञ्चालक रुस्लान होलुबेन्कोको शरीरलाई उनका अभिभावकहरूले पहिचान गरेका थिए। "मैले उनको भित्रीवस्त्र देखेर उनलाई चिने," उदास मुद्रामा देखिएकी उनकी आमाले स्थानीय प्रसारकसँग भनिन्। "मैले समुद्रतिर घुम्न निस्कनुअघि उनलाई त्यो किनिदिएकी थिएँ। उसको काँधमा गोली हानिएको रहेछ भन्ने पनि मैले थाहा पाएँ। तपाईँ त्यो तस्बिरमा पनि देख्नसक्नुहुन्छ।"

दण्ड दिने नाममा मारिएकाहरूको सूची लामो छ। युक्रेनी अभियोजनकर्ताहरूले टाउको छिनाएर बन्दीहरूलाई मारिएको भनिएका घटनाहरूका विवरण र एक जना युक्रेनी सैनिकलाई पछाडि हात बाँधेर तरबार हानेर मारिएको घटनाको अनुसन्धान गरिरहेका छन्।

अर्को एउटा भिडिओमा १६ जना युक्रेनी सैनिकहरूलाई जङ्गलबाट आत्मसमर्पण गर्न बाहिर निस्किएपछि लामबद्ध गराइएको र त्यसपछि निरन्तर गोली हानेर मारिएको देखिन्छ। त्यसरी कानुनी प्रकृया अघि नबढाइकन बन्दीहरूलाई सिधै मृत्युदण्डका रूपमा मारिएका घटनाहरूका कतिपय भिडिओहरू स्वयं रुसी सैनिकहरूले नै खिचेका हुन् भने केही भिडिओ घटनाका बेला आकाशमा रहेका युक्रेनी ड्रोनहरूले खिचेका हुन्।

भिडिओमा देखिने यी मानिस मारिएका घटनाहरू वन क्षेत्र वा कुनै खास विशेषता नभएका खुला मैदानमा गरिएका हुन्छन् त्यही भएर वास्तविक घटनास्थल पहिचान गर्न कठिन हुने गरेको छ। तर बीबीसी भेरिफाइले कैयौँ घटनाहरू पुष्टि गर्न सकेको छ जसमा बन्दीलाई टाउको काटेर मारिएको एउटा घटना पनि पर्छ। उक्त घटनाको भिडिओमा पीडितहरूले युक्रेनी सेनाको पोसाक लगाएका देखिन्छ र त्यो भिडिओ हालै खिचिएको थाहा पाउन सकिन्छ। युक्रेनी अभियोजकहरूले पूर्ण स्तरको लडाइँ सुरु भएयता कम्तीमा १४७ युक्रेनी युद्धबन्दीहरूलाई रुसी फौजहरूले मृत्युदण्ड दिएका बताएका छन्। त्यसमध्ये १२७ जना बन्दीलाई यो वर्ष मारिएको थियो।"यो संख्या उकालो लागेको प्रष्ट देख्न सकिन्छ," युक्रेनी अभियोजनकर्ताको कार्यालयका युद्ध विभागका प्रमुख युरी बेलुसोभ भन्छन्।

"गएको वर्षको नोभेम्बरबाट मृत्युदण्डलाई आम अभ्यास बनाइयो र त्यो यो वर्ष भर नै कायम रहेको छ। दुर्भाग्यवश, गर्मीयाम र शरदयाममा यो संख्या उच्च रह्यो। यसले यी एकाध घटना होइनन् भन्ने प्रस्ट पार्छ। ठुलो भूभागमा यस्ता घटना भइरहेका छन् र यो तिनीहरूको नीतिकै हिस्सा भएको स्पष्ट सङ्केतहरू देखिएका छन्। यसो गर्न निर्देशन दिइएको प्रमाणहरू छन्।"अन्तर्राष्ट्रिय मानवीय कानुन अझ त्यसमा पनि तेस्रो जिनिभा महासन्धिले युद्धबन्दीहरूलाई सुरक्षा प्रदान गर्छ र उनीहरूलाई मृत्युदण्ड दिने कार्यलाई युद्ध अपराध मान्ने गर्छ।

तर यसको प्रतिकुल हुने गरी रुसको चेचेन्याका निरङ्कुश नेता रमजान क्याडिरोफले युक्रेनसँगको युद्धमा संलग्न आफ्ना कमान्डरहरूलाई 'कुनै पनि बन्दी नलिन' भनेर छोटो समयका लागि आदेश दिएका थिए। एक अन्तर ाष्ट्रिइ मानवअधिका संस्था, ह्युमन राइट्स वाच, की युरोप तथा मध्य एशिया शाखाकी उप निर्देशक रेचल डेनबर युक्रेनी युद्धबन्दीहरूलाई मृत्युदण्ड दिइएका आरोप पुष्टि गर्ने प्रमाणहरूको अभाव नरहेको बताउँछन्। उनका अनुसार दण्डहीनता मुख्य समस्या हो र रुसी सेनाले केही गम्भीर प्रश्नहरूको जवाफ दिनुपर्छ।

उनको प्रश्न छ, "ती युनिटहरूलाई कमान्डरहरूबाट औपचारिक वा अनौपचारिक के निर्देशन छ? के उनीहरूका कमान्डरहरू जिनिभा महासन्धिले युद्धबन्दीलाई गर्नुपर्ने व्यवहार भनी बताएका कुराहरूबारे प्रस्ट छन्? रुसी सैन्य कमान्डरहरूले आफ्ना युनिटहरूलाई उनीहरूका व्यवहारबारे के भनिरहेका छन्? यी घटनाहरूबारे छानबिन गर्न ती भन्दा माथिल्लो निकायहरूले के कदमहरू चालिरहेका छन्? यदि माथिल्लो निकायहरूले अनुसन्धान गरिरहेका छैनन् वा यस्ता व्यवहार रोक्न कदम चालेका छैनन् भने के उनीहरूलाई थाहा छ कि उनीहरू पनि कसुरका लागि जिम्मेवार हुन्छन् र उनलाई जबाफदेही बनाइनसक्छ?"अहिलेसम्म रुसले औपचारिक रूपमा आफ्ना फौजहरूले युक्रेनी युद्धबन्दीहरूको हत्या गरिरहेका दाबीहरूको अनुसन्धान गरेको कुनै सङ्केत देखिएको छैन। रुसमा यस्तो खालको आरोप उल्लेख गर्नेलाई मात्रै लामो जेल सजाय हुन्छ।

भ्लादिमिर पुटिनका अनुसार रुसी फौजहरूले 'सधैँ' युक्रेनी युद्धबन्दीहरूलाई 'अन्तर्राष्ट्रिय कानुनी दस्ताबेज र अन्तर ाष्ट्रिय महासन्धि अनुरूपको व्यवहार' गरेका छन्।युक्रेनी फौजहरूमाथि पनि रुसी युद्धबन्दीहरूलाई मारिदिने गरेको आरोप लाग्ने गरेको छ। तर त्यस्ता दाबीहरूको संख्या सानो छायुरी बेलुसोभ यस्ता आरोपलाई युक्रेनी अभियोजकहरूले 'ज्यादै गम्भीरता'का साथ लिने र अनुसन्धान गर्ने बताउँछन्। तर अहिलेसम्म कसैमाथि पनि अभियोग लगाइएको छैन।

ह्युमन राइट्स वाचका अनुसार फेब्रुएरी २०२२ मा पूर्ण स्तरको युद्ध सुरु भएयता रुसी फौजले 'श्रृंखलाबद्ध मानवअधिकार उल्लङ्घनहरू गरेका छन् जसलाई युद्ध अपराध वा मानवताविरुद्धको अपराधका रूपमा अनुसन्धान गर्नुपर्छ।'रुसी सैनिकहरूको ज्यादतीको वृत्तान्तका कारण कतिपय युक्रेनी सैनिकहरूले बन्धक बन्नुभन्दा ज्यान गुमाउनु वेश ठान्ने गरेका बताइन्छ।

"उनले मलाई भनेः 'आमा म कहिल्यै आत्मसमर्पण गर्दिन, कहिल्यै। मलाई माफ गर्नुहोला किनभने मलाई थाहा छ तपाईँ रुनुहुनेछ तर म यातना सहन चाहन्न," रुसलान होलुबेन्कोकी आमाले भनिन्। उनका छोरा औपचारिक रूपमा अझै पनि बेपत्ताको सूचीमा छन् र उनले आशा गर्ने ठाउँ नभएपनि अझै आशा मारिसकेकी छैनन्।

"म आफ्ना छोरालाई फिर्ता पाउन सम्भव र असम्भव सबै प्रयास गर्नेछु। म उनको तस्बिर हेरिरहन्छु। हुनसक्छ फोटोमा उनी अचेत मात्रै थिए की? म यस्तो विश्वास गर्न चाहन्छु, म उनको मृत्यु भयो भनेर सोच्न चाहन्न।"

# दक्षिण कोरियाली राष्ट्रपतिलाई दोस्रो पटक सम्मन जारी



एएफपी

सियोल । दक्षिण कोरियाका निलम्बित राष्ट्रपति युन सुक योलले सोधपुछका लागि गरिएको परिपत्रलाई दोस्रो पटक अस्वीकार गर्दै अनुसन्धान प्रक्रियामा सहभागी नभएको अनुसन्धान टोलीले सोमबार जनाएको छ ।

योलले ११ दिनअघि दक्षिण कोरियामा सैनिक कानुन (मार्शल ल) को घोषणा गर्नुभएको थियो । यद्यपि, उहाँले विपक्षी डेमोक्र्याटिक पार्टी र दक्षिण कोरियाली नागरिकको व्यापक विरोधका कारण उक्त कदमलाई केही घण्टामा नै फिर्ता लिन बाध्य हुनुभएको थियो ।

यसै घटनालाई लिएर गत डिसेम्बर १४ मा दक्षिण कोरियाली संसद्ले उहाँलाई महाभियोग लगाउँदै पदबाट हटाएको थियो ।दक्षिण कोरियाका विश्वभरका प्रजातान्त्रिक मित्रराष्ट्रहरूलाई स्तब्ध पार्ने नाटकका कारण युनमाथि महाभियोग र विद्रोहको फौजदारी अभियोग लागेको छ । यो अभियोगका कारण उहाँलाई आजीवन जेल सजाय वा मृत्युदण्डको सजाय समेत हुन सक्छ।

युनको अल्पकालीन सैनिक शासन घोषणाको अनुसन्धान गरिरहेको भ्रष्टाचार विरोधी निकायले उहाँको कार्यालय र निवासमा पत्राचार गर्दै अनुसन्धानका लागि उपस्थित हुन दुई पटकसम्म परिपत्र गरेको जनाएको छ । "हुलाक प्रणालीले राष्ट्रपति कार्यालयले उपस्थितिका लागि गरिएको परिपत्र बुझ्न 'अस्वीकार' गरेको देखाउँछ," अनुसन्धानकर्ताहरूले एक विज्ञप्ति जारी गरी बताएका छन् ।

इलेक्ट्रोनिक रूपमा पठाइएको परिपत्रलाई 'वेवास्था' गरिएको हुलाक प्रणालीले देखाएको छ । इमेलमार्फत् पाठाइएको परिपत्रमा अनुसन्धानकर्ताहरूले ६४ वर्षीय प्रवै नेतालाई क्रिसमसको दिन बिहान १० बजे बयानका लागि लागि उपस्थित हुन आग्रह गरी पत्राचार गरेका थिए । स्थानीय सञ्चार माध्यमका अनुसार ट्राफिक र भीडभाड कम हुने भएकाले युनलाई वयानका लागि बोलाइएको हो ।

यदि युन परिपत्र अनुसार हाँजिर भई अनुसन्धान प्रक्रियामा सहयोग गरेमा उहाँ अनुसन्धान एजेन्सीले गरेको सोधपुछको सामना गर्ने दक्षिण कोरियाका पहिलो बहालवाला राष्ट्रपति हुनुहुनेछ । उहाँ गत बुधबार को प्रारम्भिक सुनवाईमा उपस्थित हुनुभएको थिएन र आफ्नो अनुपस्थितिको लागि कुनै स्पष्टीकरण पनि दिनुभएको थिएन ।

# अमेरिकी डलरको भाउ स्थिर, अन्य मुद्राको वृद्धि

काठमाण्डु । नेपाल राष्ट्र बैंकले सोमबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ । अमेरिकी डलरको मूल्य सोमबार स्थिर रहेको छ ।

युरो, पाउण्ड स्टर्लिङ, स्वस फ्र्याङ्क, अष्ट्रेलियन, क्यानेडियन र सिङ्गापुर डलर जापानी येन, साउदी रियाल, थाई भाट साउथ कोरियन वन, स्विडिस र डेनिस क्रोनर, कुवेती र बहराइन दिनार तथा ओमनी रियालको भाउ बढेको छ ।

केन्द्रीय बैंकका अनुसार अमेरिकी डलर एकको खरिददर एक सय ३५ रुपैयाँ ७३ पैसा र बिक्रीदर एक सय ३६ रुपैयाँ ३३ पैसा कायम भएको छ । युरो एकको खरिददर एक सय ४१ रुपैयाँ ५७ पैसा र बिक्रीदर एक सय ४२ रुपैयाँ १९ पैसा, युके पाउण्ड स्टर्लिङ एकको खरिददर एक सय ७० रुपैयाँ ६२ पैसा र बिक्रीदर एक सय ७१ रुपैयाँ ३७ पैसा, स्विस फ्र्याङ्क एकको खरिददर एक सय ५१ रुपैयाँ ९८ पैसा र बिक्रीदर एक सय ५२ रुपैयाँ ६६ पैसा कायम गरिएको



छ ।

अष्ट्रेलियन डलर एकको खरिददर ८४ रुपैयाँ ८४ पैसा र बिक्रीदर ८५ रुपैयाँ २१ पैसा, क्यानेडियन डलर एकको खरिददर ९४ रुपैयाँ ४५ पैसा र बिक्रीदर ९४ रुपैयाँ ८७ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०० रुपैयाँ १५ पैसा र बिक्रीदर एक सय रुपैयाँ ६० पैसा निर्धारण गरिएको छ ।

जापानी येन १० को खरिददर आठ रुपैयाँ ६८ पैसा र बिक्रीदर आठ रुपैयाँ ७२ पैसा, चिनियाँ युआन एकको खरिददर १८ रुपैयाँ ६० पैसा र बिक्रीदर १८ रुपैयाँ ६८ पैसा,साउदी अरेबियन रियाल एकको खरिददर ३६ रुपैयाँ १३ पैसा र बिक्रीदर ३६ रुपैयाँ २९ पैसा, कतारी रियाल एकको खरिददर ३७ रुपैयाँ २४ पैसा र बिक्रीदर ३७ रुपैयाँ ४० पैसा कायम भएको छ ।

केन्द्रीय बैंकका अनुसार थाई भाट एकको खरिददर तीन रुपैयाँ ९७ पैसा र बिक्रीदर तीन रुपैयाँ ९९ पैसा युएई दिराम एकको खरिददर ३६ रुपैयाँ ९५ पैसा र बिक्रीदर ३७ रुपैयाँ १२ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३० रुपैयाँ ११ पैसा र बिक्रीदर ३० रुपैयाँ २४ पैसा, साउथ कोरियन वन एक सयको खरिददर नौ रुपैयाँ ३८ पैसा र बिक्रीदर नौ रुपैयाँ ४२ पैसा, स्विडिस क्रोनर एकको खरिददर १२ रुपैयाँ ३० पैसा र बिक्रीदर १२ रुपैयाँ ३६ पैसा र डेनिस क्रोनर एकको खरिददर १८ रुपैयाँ ९८ पैसा र बिक्रीदर १९ रुपैयाँ ०६ पैसा तोकिएको छ ।

राष्ट्र बैंकले हङकङ डलर एकको खरिददर १७ रुपैयाँ ४६ पैसा र बिक्रीदर १७ रुपैयाँ ५३ पैसा, कुवेती दिनार एकको खरिददर चार सय ४० रुपैयाँ ६१ पैसा र बिक्रीदर चार सय ४२ रुपैयाँ ५६ पैसा, बहराइन दिनार एकको खरिददर तीन सय ६० रुपैयाँ ०३ पैसा र बिक्रीदर तीन सय ६१ रुपैयाँ ६२ पैसा, ओमानी रियाल एकको खरिदर तीन सय ५२ रुयैयाँ ५३ पैसा र बिक्रीदर तीन सय ५४ रुपैयाँ ०९ पैसा तोकिएको छ । त्यसैगरी भारतीय रुपैयाँ एक सयको खरिददर एक सय ६० रुपैयाँ र बिक्रीदर एक सय ६० रुपैयाँ १५ पैसा तोकिएको छ ।

प्रस्तुत विनिमय दरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने राष्ट्र बैङ्कले जनाएको छ । वाणिज्य बैंकले तोक्ने विनिमय दर भने फरक हुनसक्ने केन्द्रीय बैंक जनाएको छ ।रासस

# इलाका प्रशासन रामपुरबाट राहदानी तथा राष्ट्रिय परिचयपत्र सेवा सुरु



रामपुर । इलाका प्रशासन कार्यालय रामपुरमा तोकेअनुसारको दरबन्दी व्यवस्थापन नहुँदा सेवा प्रवाहमा समस्या थपिएको छ । कार्यालयबाट राहदानी तथा राष्ट्रिय परिचयपत्र सेवा सुरुआत भए पनि जनशक्ति व्यवस्थापन नहुँदा सेवा दिन कार्यालयलाई समस्या परेको जनाइएको छ ।

कार्यालयमा यही पुस ३ गतेदेखि राहदानी तथा राष्ट्रिय परिचयपत्र सेवा थप गरिएको थियो । तर कर्मचारी अभावमा काम गर्न समस्या भएको कार्यालय प्रमुख गणेशबहादुर कार्कीले बताउनुभयो ।

उहाँले भन्नुभयो, “कर्मचारीको अभाव भए पनि हामीले निकै कष्टका साथ सेवा दिएका छौँ, हालसालै राहदानी तथा परिचयपत्र सेवा थपिएको छ तर हामीसँग जनशक्ति छैन, दरबन्दी अनुसारको कर्मचारी व्यवस्थापन नहुँदा कार्यालयको कामकाजमा समस्या छ ।” राहदानी सेवाका लागि तीनवटा कम्प्युटर आवश्यक पर्छ तर कार्यालयमा हाल एउटा मात्रै कम्प्युटर छ ।

कार्यालयमा एक कार्यालय प्रमुख, एक नायब सुब्बा, दुई खरिदार, एक सहायक लेखापाल, एक कम्प्युटर अपरेटरको स्थायी दरबन्दी छ । तर हाल एक कार्यालय प्रमुख, एक सहायक लेखापाल, एक कम्प्युटर अपरेटर स्थायी दरबन्दीमा र दुईजना कार्यालय सहयोगी, एक सरसफाइ कर्मचारी कार्यरत छन् ।

रामपुर नगरपालिकाले प्रशासन कार्यालयको सेवालाई सहज बनाउन एक जना कर्मचारी काजमा खटाएको नगर प्रमुख रमणबहादुर थापाले बताउनुभयो । हाल कार्यालयमा राष्ट्रिय परिचयपत्र पञ्जीकरण विभागबाट यही पुस ३ गतेदेखि एकजना कम्प्युटर अपरेटरको व्यवस्था गरिएको छ ।

कार्यालयमा दैनिक औसत एक सयजना सेवाग्राही आउने गरेका छन् । अहिले दैनिक नेपाली नागरिकता ४० देखि ४५, राष्ट्रिय परिचयपत्र ३५ देखि ४०, सेवा शुभारम्भ भएको दिनदेखि हालसम्म दशवटा राहदानी सेवा दिइएको कार्यालयले जनाएको छ ।

रामपुर-४ भीमसेनटोल बस्ने विष्णुमाया केसीले गाउँघरमा नै सेवा पाउँदा स्थानीयलाई धेरै राहत पुगेको बताउनुभयो । कार्यालयमा राहदानी तथा राष्ट्रिय परिचय सेवा थालनी भएपछि पहिलो सेवाग्राहीका रुपमा राहदानी सेवा लिनुभएकी केसीले खुसी व्यक्त गर्दै यहीँबाट सेवा विस्तार गर्न पहल गर्ने सबैलाई धन्यवाद दिनुभएको छ । “सानो बच्चाका कारणले राहदानी बनाउन सदरमुकाम तानसेन जान सकिरहेकी थिइन्, अहिले भने गाउँमा सेवा सुरु गरेपछि हामीलाई सजिलो भयो” उहाँले भन्नुभयो ।

यही पुस ३ गते कार्यालयको नवनिर्मित भवन उद्घाटन, राहदानी र राष्ट्रिय परिचयपत्र सेवा विस्तार कार्यक्रममा सरिक हुँदै गृहमन्त्री रमेश लेखकले प्रशासन कार्यालयमा कर्मचारी तथा कुनै उपकरण, सामग्रीको अभावमा सेवा अवरुद्ध हुन नदिने प्रतिबद्धता जनाउनुभएको थियो । नागरिकलाई सरल किसिमले सेवा दिनु सरकारको पहिलो दायित्व भएकाले यस कार्यालयमा जनशक्ति, सामग्री अभावले सेवा रोकिने वातावरण नहुन नदिने गृहमन्त्री लेखकले विश्वास दिलाउनुभयो ।

रामपुर नगरपालिका-५ स्थित बेभ्राड बजारमा अवस्थित प्रशासन कार्यालयको चौध कोठासहितको साढे दुई तलाको नयाँ भवन निर्माण गरी सञ्चालनमा छ । रु चार करोड ५६ लाख ७७ हजार पाँच सय ७१ बराबरको लागतमा गत असारमा भवन निर्माण सम्पन्न भएको हो । आधुनिक प्रविधिबाट निर्माण भएको अपाङ्गमैत्री कार्यालय भवनसँगै सुरक्षा कर्मचारी गृह (गार्ड हाउस), चमेनागृह तथा पर्खाल निर्माण गरिएको छ ।

सेवा विस्तारसँगै राहदानी र राष्ट्रियपत्रका लागि सदरमुकाम तानसेन पुग्नुपर्ने बाध्यता सधाका लागि हटेको छ । कार्यालयको आफ्नै भवन नहुँदा सेवा प्रवाहमा समस्या हुँदै आएको थियो । विसं २०७३ मा तत्कालीन गृहमन्त्री शक्तिबहादुर बस्नेतले कार्यालय स्थापनाको शुभारम्भ गरी सेवा प्रारम्भ भएको हो ।रासस

# तमोर नदीस्थित लुमुघाट मोटरेबल पुल पुनर्निर्माण थालियो

तेह्रथुम । तमोर नदीस्थित तेह्रथुम-पाँचथर जोड्ने लुमुघाट मोटरेबल पुलको पुनर्निर्माण सुरु भएको छ ।

म्याङलुङ नगरपालिकाका प्रमुख सञ्जयकुमार तुम्बाहाङ्फेले करिव १३ वर्षपछि लुमुघाट मोटरेबल पुलको पुनर्निर्माण थालिएको जानकारी दिनुभयो ।

सडक विभाग मातहतको पुल सेक्टरको रु १७ करोड लागतमा उक्त पुल निर्माण गर्ने ठेक्का पाएको उहाँको भनाइ छ ।

सबै पक्षको सहयोग रहे आउने असारसम्ममा पुल निर्माणको काम सम्पन्न गरिसक्ने निर्माण कम्पनीका साइड इञ्चार्ज विजय लामिछानेले बताउनुभयो । पाँचथरको कुम्मायक गाउँपालिका र तेह्रथुमको म्याङलुङ नगरपालिकालाई जोड्ने उक्त मोटरेबल पुल निर्माण सम्पन्न भएपछि दुई जिल्लाको सदरमुकाम सबैभन्दा छोटो दूरीमा जोडिने छन् ।

पाँचथर सदरमुकाम




पाएको थियो । निर्माण कम्पनीले विसं २०६८ असार २६ गते तीन वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी सम्झौता गरेको थियो । निर्माण कम्पनीले काम नगरी पुल अलपत्र छाडेको थियो । तेह्रथुम र पाँचथरका जनप्रतिनिधि, स्थानीय प्रशासन र सरोकारवालाको दबाबपछि निर्माण कम्पनीले अधुरो छाडेको काम पुनर्निर्माण पुनः सुरु गरेको नगरप्रमुख तुम्बाहाङ्फे को भनाइ छ ।

पुल जग निर्माण गर्ने क्रममा १० मिटर गहिराइमा ढुङ्गा भेटिएपछि पुनः ‘सोइल टेष्ट’ गरेर ‘रिडिजाइन’ गर्ने विषयमा विवाद भएपछि पुल निर्माणको काम रोकिएको सांसद सीता गुरुङले बताउनुभयो । गत मङ्सिर २० गते भौतिक पूर्वाधार मन्त्रालयमा बसेको सर्वपक्षीय बैठकमा पुरानै डिजाइनमा पुल बनाउने सहमति भएपछि निर्माण कार्यले निरन्तरता फिदिमबाट ४५ किलोमिटर र तेह्रथुम सदरमुकाम म्याङलुङबाट १९ किलोमिटरको दूरी रहेको तमोर नदीमाथिको उक्त पुल निर्माण सम्पन्न भएपछि दुवै जिल्लाका नागरिकलाई आवातजावतमा सहज हुने म्याङलुङ-२ का विश्वराज तुम्बाहाङफेले बताउनुभयो ।

पाँचथरको कुम्मायक गाउँपालिकाका भुल्के, खाल्ले, स्यावरुम्बालगायतका गाउँबाट करिब आठ घण्टाको पैदलयात्रा गरी हप्तैपिच्छे पिठ्यूँमा बोकेर कृषिउपज तेह्रथुमको म्याङलुङस्थित शुक्रबारे हटियामा बिक्री गर्न ल्याउनुपर्ने बाध्यता छ । पुल निर्माण भएपछि म्याङलुङदेखि लुमुघाट हुँदै तमोर करिडोर भएर छोटो दूरीमै सुनसरीको धरान र प्रदेश राजधानी विराटनगर पुग्न सकिन्छ ।रासस

# चुरियामाई सुरुङमार्ग सर्वसाधारणका लागि खुला गरिँदै



बागमती । हेटौँडा उपमहानगरपालिका-१५ स्थित चुरियामाईसुरुङमार्गसर्वसाधारणको अवलोकनका लागि खुला गर्ने तयारी सुरु भएको छ । बागमती प्रदेश सरकारको रु चार करोड ५७ लाखको लागतमा पुनःनिर्माण भएपछि सर्वसाधारणको अवलोकनका लागि खुला गर्न लागिएको हो ।

प्रदेश सरकारअन्तर्गतको प्रदेश यातायात पूर्वाधार निर्देशनालयले पुनःनिर्माण गरिएको सो सुरुङमार्ग सोमबार औपचारिक रुपमा हेटौँडा उपमहानगरपालिकालाई हस्तान्तरण गर्न लागेको छ । हस्तान्तरण लगत्तै सुरुङमार्ग सर्वसाधारणका लागि खुला गरिने उपमहानगरका प्रमुख मिनाकुमारी लामाले जानकारी दिनुभयो । सुरुङमार्ग व्यवस्थापन तथा सञ्चालन गर्ने सहमति भइसकेकाले सर्वसाधारणको अवलोकनका लागि खुला गर्न लागिएको प्रमुख लामाले बताउनुभयो ।

सुरुङमार्ग अवलोकनका लागि आउने नेपालीलाई प्रतिव्यक्ति रु ५०, विदेशीलाई प्रतिव्यक्ति रु एक सय २०, विद्यार्थीलाई प्रतिव्यक्ति रु २० र पाँच वर्षमुनीका बालबालिका, जेष्ठनागरिक र आपाङता भएका व्यक्तिलाई निःशुल्क गरिने प्रमुख लामाको भनाइ छ । पुनःनिर्माण गरिएको उक्त सुरुङमार्गलाई पर्यटकीय क्षेत्रका रुपमा विकास गर्ने योजनाका साथ अवलोकन गर्न आउनेहरुका लागि खुला गर्न लागिएको प्रमुख लामाले बताउनुभयो ।

मधेस प्रदेशको बारा र बागमती प्रदेशको मकवानपुरलाई जोड्ने उक्त सुरुङमार्ग विसं १९७४ मा तत्कालिन प्रधानमन्त्री चन्द्रशमशेरको पालामा निर्माण गरिएको थियो । सो सुरुङमार्गबाट विसं २०२० सम्म सवारी साधनहरु सञ्चालन हुँदै आएको थियो । जिर्ण भएको सो सुरुङमार्गको गत २०७९ साल वैशाख १९ गते जिर्णोद्धार सम्पन्न गर्ने गरी काम सुरु भएको थियो । सुरुङमार्ग पुनःनिर्माण भएपनि त्यसको सञ्चालन कसले गर्ने भने अन्यौलताका कारण लामो समयदेखि बन्द थियो ।

उपमहानगरले सुरुङमार्ग सञ्चालन गर्ने सहमति भएपछि हस्तान्तरण गरी सञ्चालनमा ल्याउन लागिएको प्रदेश यातायात पूर्वाधार निर्देशनालयका निर्देशक पुष्पकरराज पोखरेलले जानकारी दिनुभयो ।

कुल एक सय ९८ मिटर लम्बाई उक्त सुरुङमार्ग पुनःनिर्माण पश्चात दुई सय २५ मिटरको पुगेको जनाएको छ । रासस


## Invitation for Bids

**Madhesh Province Government**

**Ministry of Health and Population**

**Province Health Logistic Management Center**

**Janakpurdham, Dhanusha**

**Date of Publication: 24 December 2024**

1. The Ministry of Health and population, Province Health logistic Management Center, Janakpurdham invites electronic bids from eligible bidders for the procurement of below mentioned commodities under National competitive bidding – Single Stage Two Envelope (IS2E) procedures.
2. Eligible Bidders may obtain further information from PPMO eGP system www.bolpatra.gov.np/egp
3. A Bidder shall submit their bid electronically may download the bidding documents for e-submission from PPMO’s e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below.

**Information to deposit the cost of bidding document in Bank:**

**Name of the Bank:** Rastriya Banijya Bank Limited

**Name of Office:** Province Health Logistic Management Center

**Office Code no.:** 3500717012

**Revenue Account no.:** 1000100200010000

**Rajaswa (revenue) Shirshak no.:** 14229

**Dharauti A/C no.:** 1220100202030000

4. Pre-bid meeting shall be held at Province Health Logistic Management Center at 01:00PM, 12 January 2025
5. Electronic bids must be submitted through PPMO’s e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 noon on 23 January 2025. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 01:00PM on 23 January 2025 at the office of Province Health Logistic Management Center. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of below amounts, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 120 days)
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Bid is in package and evaluation will be done in package.

| IFB No. | IFB Name | Bid Fee | Bid Security |
|---|---|---|---|
| MP/PHLMC/NCB/ GOODS-7/2081-082 | The Procurement, Delivery and Installation of RO Drinking Water | 3000/- | 2,25,000/- |

**(Director)**



## मालपोत कार्यालय, बर्दिवास, महोत्तरी

## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

वरजमान तामाङको बुहारी चंखलाल तामाङको श्रीमती जिल्ला धनुषा गा.पा. बटेश्वर वडा नं. ५ बस्ने पर्व ८३ को मिनमाया तामाङ्गनीले तपसिलमा उल्लेखित जग्गा मेरा पति चंखलाल तामाङ्ग नामको साबिक दर्ता लगत भिडाइ चंखलाल तामाङ्गका नामबाट मेरा नाममा छुट जग्गा नामसारी दर्ता गरी पाउँ भनि द.नं. ३९९४ मिति ०८१।३।९ को निवेदनबाट माग दावी गरेकोले माग बमोजिम निवेदकका नाममा छुट जग्गा नामसारी दर्ता गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदावी लाग्ने भए वा सरकारी सार्वजनिक सम्पत्तीको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित भएको यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफ्ता सबुत प्रमाण सहित यस कार्यालयमा लिखित उजुरी गर्न आउनु होला अन्यथा कानून बमोजिम भईजाने व्यहोरा जानकारी गराईन्छ ।

**तपसिल**

| जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| महोत्तरी | भंगाहा | ६ (छ) | ४५ | १-१५-८-० |



## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

महोत्तरी जिल्ला, पिपरा गा.पा. वडा नं. ०४ घर भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ०७ बस्ने श्री राम कृपाल मिश्रको मृत्यु भएकोले यस बैंकमा रहेको निजको खाता नं. १८८१५२४००३५७७८ मा भएको रकम भुक्तानी पाऊँ भनि निज मृतकको छोरी श्रीमती संजिता कुमारीले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावालाको नामको यस बैंकमा रहेको रकममा कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदावीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदावी गर्न आउनुहोला । उक्त म्याद भित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

**नेपाल एसबिआई बैंक लि.**
**जनकपुर शाखा, जनकपुर-२, धनुषा**
**फोन ०४१-५९०२६१**

# जनकपुर बोल्ट्स टीम बिहीबार जनकपुरधाम आउने



**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल प्रिमियर लिग (एनपीएल)का विजेता जनकपुर बोल्ट्स टीम बिहीबार जनकपुरधाम आउने भएको छ ।

जनकपुर बोल्ट्स टीम बिहीबार साँझ जनकपुरधाम आउने र शुक्रबार रजौलस्थित रामजानकी स्टेडियमबाट खेलाडीहरूको सम्मानमा नगरपरिक्रमा गरिने जिल्ला क्रिकेट संघ धनुषाका अध्यक्ष शोभाकान्त पाण्डे (गुड्डु)ले जानकारी दिए ।

उनले सोही साँझ जानकी मन्दिरमा ट्रफीसमेत प्रदर्शन गरिने बताए ।खेलाडीहरूको सम्मानमा बाजागाजासहितको टोली जनकपुरधाम विमानस्थल पुग्ने छ । जिल्ला क्रिकेट संघले टोलीलाई भव्य स्वागतसहित नगरपरिक्रमा गराउने जनाएको छ ।

नेपालमा पहिलो पटक आयोजना गरिएको एनपीएल प्रतियोगिताको विजेता जनकपुर बोल्ट्स टीम बनेको छ ।जनकपुर बोल्ट्सले शनिबार काठमाडौंस्थित त्रिभुवन विश्वविद्यालयको खेलमैदानमा भएको एनपीएलको फाइनल खेलमा सुदूरपश्चिम टीमलाई ५ विकेटले पराजित गर्दै उपाधि कब्जा गरेको थियो ।

# छानबिन समितिको अनुसन्धान प्रतिवेदन

**टुडे समाचारदाता**

लहान । सिरहा कारागार प्रकरणको अनुसन्धान गर्न बनेको छानबिन समितिले झण्डै डेढ महिनापछि अनुसन्धान प्रतिवेदन बुझाएको छ । समितिले गत बिहीबार नै प्रतिवेदन जिल्ला प्रशासन कार्यालयमा बुझाएको छानबिन समितिका सदस्य तथा जिल्ला प्रशासन कार्यालयका सूचना अधिकारी रवीन्द्रकुमार महतले जानकारी दिए ।

सूचना अधिकारी महतका अनुसार अनुसन्धान प्रतिवेदन ९० पृष्ठको रहेको छ । उनले भने, "प्रमुख जिल्ला अधिकारी वासुदेव दाहाल बिदामा हुनुहुन्छ। सम्भवत उहाँ बिहीबार कार्यालय आउनुहुन्छ । उहाँ आएपछि जिल्ला सुरक्षा समितिको बैठकमा प्रतिवेदन पेस हुन्छ र प्रतिवेदन सार्वननिक हुन्छ ।"

गत कात्तिकमा कैदीहरुले कारागारभित्रै मदिरा सेवन गर्नेदेखि अवैध लागूऔषधसमेत कारोबार गर्ने गरेको सूचना बाहिरिएपछि सो सम्बन्धमा सम्बन्धमा अनुसन्धान गर्न प्रहरी नायब उपरीक्षक विष्णुप्रसाद सोतीको नेतृत्वमा कात्तिक २५ गते पाँच सदस्यीय छानबिन समिति गठन भएको थियो । छानबिन समितिमा जिल्ला प्रशासन र कारागार कार्यालयका प्रतिनिधिसमेत रहेका थिए।




कारागारका मूल नाइके र अन्य कैदीले मदिरा खाँदै गरेको तथा मोबाइल चलाउँदै गरेको घट्ना प्रमाणसहित सञ्चारमाध्यममा सार्वजनिक भएको थियो । त्यस्तै कारागारमा पाँच गुणासम्म मूल्यमा लागूऔषधसहित बाहिर पाइने सबै कुरा उपलब्ध हुने जानकारी बाहिरिएको थियो । यस प्रकरणमा कारागार व्यवस्थापन विभागले तत्कालै जिल्ला प्रशासन कार्यालय सिरहालाई घटनाको छानबिन गरी संलग्नलाई कारबाही गर्न र कारागार कार्यालय सिरहालाई घटनाबारे प्रतिवेदन पठाउन लिखित रूपमा निर्देशन दिएको थियो ।

त्यसपछि गठन भएको छानबिन समितिलाई सुरुमा अनुसन्धान प्रतिवेदनका लागि १५ दिनको समय दिइएको थियो । तर, समयमै अनुसन्धान तथा छानबिनको काम नसकिएपछि जिल्ला सुरक्षा समितिले समय थप गरेको थियो ।

कारागारको अवलोकन, विद्यमान अवस्थाको अध्ययन, भौतिक संरचना तथा सुरक्षा व्यवस्थाको अवस्था, प्रशासनिक प्रणालीको अध्ययन, कैदीसँग छलफल तथा अन्तरक्रिया, कैदीसँग सम्बन्धित अभिलेख सङ्कलन, नीति नियम तथा निर्देशिकाको अध्ययन, सरोकारवालासँग अन्तरक्रियालगायतका काम गरी प्रतिवेदन तयार गर्न समय लागेको छानबिन समितिका सदस्य तथा जिल्ला प्रशासन कार्यलयका सूचना अधिकारी महतले जानकारी दिए।

# जनकपुरधाममा गृहमन्त्रीको पुतला दहन



**टुडे समाचारदाता**

जनकपुरधाम। नेपाल प्रिमियर लिग (एनपीएल)को समाप्तिपछि काठमाडौंको कीर्तिपुर मैदानमा मधेशी युवाहरुलाई लक्षित गर्दै कुटपिट गरेको विरोधमा जनकपुरधाममा गृहमन्त्रीको पुतला दहन गरिएको छ।

एनपीएलको फाइनल खेलपछि काठमाडौंमा विजय उत्सव मनाइरहेका जनकपुर बोल्टस् समर्थक मधेशी समुदायलाई लक्षित गरी केही युवाले अपमानजनक शब्द प्रयोग गर्दै कुटपिटसमेत गरेको घटनाप्रति राज्य गम्भीर नभएको भन्दै सोमबार जनकपुरधाममा मधेशी युवाहरुले गृहमन्त्री रमेश लेखकको पुतला जलाएका हुन् ।

त्यस्ता गतिविधि गर्ने व्यक्तिहरुको पहिचान गरी कारबाही गर्न राज्यले उदासीनता देखाएको र नेपालका शासक तथा राज्य कति नश्लीय एवम् रंगभेदी छ भन्ने कुराको प्रमाण यस घटनाले पुष्टि गरेको युवाहरुको भनाई छ।

युवाहरुले संसद्, सरकार, अदालत, सेना, प्रहरी, कर्मचारी र शासकवर्ग सबै नश्लीय भएको र त्यहाँ एउटा पार्टीले मात्र संघर्ष गर्दैमा नपुग्ने बताए ।स्थानीय भानुचोकमा आयोजितविरोधप्रदर्शनकार्यक्रममा विभिन्न राजनीतिक दलमा आवद्ध नेता कार्यकर्ताहरुको पनि सहभागिता रहेको थियो ।

गत शनिबार सुदूरपश्चिम रोयल्स र जनकपुर बोल्ट्सबीचको फाइनल खेल सकिएपछि हुलदंगा गरेको आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरिसकेको छ। पक्राउ पर्नेमा डोटीको आदर्श गाउँपालिका घर भएका २१ वर्षीय अशोक साउद र दिपायल सिलगढी नगरपालिका घर भएका १८ वर्षीय गणेश साउद छन् ।

# मेडिकल कलेजको जग्गाप्राप्ति अनिश्चित

**टुडे समाचारदाता**

बर्दिबास । बर्दिबास मेडिकल कलेजका लागि जग्गा प्राप्ति अनिश्चित बनेको छ । वन विभागले कलेजका लागि प्रस्तावित वनक्षेत्र एकलौटी रूपमा नदिने अवस्था सृजना भएपछि जग्गा प्राप्ति अनिश्चित बनेको हो ।




कलेजका लागि प्रस्तावित जग्गा त्यहाँ काटिने रुख र त्यसको सोधभर्नाका सम्बन्धमा निर्णय नहुँदा अनिश्चितताको अवस्था देखिएको हो । कलेज निर्माणका लागि प्रस्तावित बर्दिबास-४ को माइस्थानस्थित अटावे र भब्सी खोलाबीचको वनक्षेत्रको ४९ हेक्टर जग्गाबारे सर्वोच्च अदालतमा परेको मुद्दाले केही समय प्रक्रिया रोकिएको भए पनि मुद्दाको फैसला भएपछि अब प्रस्तावित जग्गा, काटिने रुख र तिनको सोधभर्नाबारे निर्णय हुनपर्ने मेडिकल कलेज आयोजना कार्यालयका निर्देशक देवीप्रसाद सुवेदीले बताए ।

अदालतले प्रस्तावित जग्गाका रुख काटिदा पर्नसक्ने वातावरणीय प्रभावलाई दृष्टिगत गरी काटिने रुखभन्दा १० गुणा बढी रुख रोपेर हुर्काउने सर्तमा कलेज निर्माण गर्न आदेश दिएको छ । उक्त आदेशअनुसार बर्दिबास-५ टुटेश्वरधाममा २० हजार बिरुवा रोपिएका छन् । कलेजका लागि प्रस्तावित वनक्षेत्रमा रहेका एक हजार ९६७ रुखको सट्टा भर्नाका लागि बर्दिबास नगरक्षेत्रका विभिन्न ठाउँका पर्ति जग्गामा ३० हजार हाराहारीका बिरुवा रोपिएका छन् ।

सरकारले आर्थिक वर्ष २०७३/०७४ को नीति तथा कार्यक्रममा कलेज निर्माणका निम्ति शिक्षा मन्त्रालयको अगुवाइमा जग्गा छनौटको कार्यदल बनाएको थियोभने २०७६ मा बर्दिबासमा बर्दिबास मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजना कार्यालय स्थापना गरेको थियो ।

यसैबीच, प्रमुख जिल्ला अधिकारी लालबाबु कवारीले यससम्बन्धमा सम्बद्ध पक्षसँग समन्वय गर्ने बताएका छन् ।

# हत्या आरोपित पाँच वर्षपछि पक्राउ

**टुडे समाचारदाता**

राजविराज। एक नाबालकको हत्या भएको घटनामा संलग्न रहेको आरोपी पाँच वर्षपछि पक्राउ परेका छन् ।

कर्तव्य ज्यान कसुरमा जिल्ला र तत्तकालीन पुनरावेदन अदालतले कैद सजाय फैसला गरि फरार रहेका सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १ का २१ वर्षीय एक युवकलाई प्रहरीले घटनाको पाँच वर्षपछि आइतबार पक्राउ गरेको हो। घटनाका बेला भने उनी नाबालक रहेकाले उनको नाम भने प्रहरीले गोप्य राखेको छ । अदालतको फैसला कार्यान्वयन गर्ने क्रममा पक्राउ परेका उनलाई सोमबार नै कैद सजाय भुक्तानका लागि बालसुधार गृह वीरगञ्ज पर्सा पठाइएको छ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवं डिएसपी जितेन्द्र कुमार बस्नेतका अनुसार ती २१ वर्षीय व्यक्ति (तत्तकालिन १६ वर्षिय नाबालक) सहित तीन जना मिलेर २०७६ साल चैत ३० गते सोही स्थानका नाबालक सुरज साहको हत्या गरि कोशी तटबन्धको झारीमा शव फ्याकी फरार भएका थिए । हत्याको अभियोग लागेका तीन जना मध्ये एक जना सबालक र दुई जना नाबालक थिए । जसमा एक सबालक र एक नाबलकले अदालतको फैसला अनुसार कैद सजाय भोगिरहेका छन् ।

तीनै जना अभियुक्तहरुलाई उक्त कर्तव्य ज्यान मुद्दामा सप्तरी जिल्ला अदालतले २५ वर्षको कैद सजायको फैसला सुनाएको थियो । पछि अभियुक्तहरुले पुनरावेदन गरेपछि तत्कालीन पुनरावेदन अदालत राजविराजले कैद सजाय घटाइ उनीहरुलाई जनही १२ वर्ष ६ महिना कैद सजाय हुने फैसला गरेको थियो।

इलाका प्रहरी कार्यालय भारदह सप्तरीबाट खटिएको प्रहरी टोलीले ती आरोपीलाई आइतबार पक्राउ गरी जिल्ला अदालत राजविराजमा दाखिला गरेपछि अदालतको आदेशानुसार बालसुधार गृह वीरगञ्ज पर्सा पठाईएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# डा.झालाई 'मिथिला रत्न' सम्मान

**टुडे समाचारदाता**

जनकपुरधाम । अन्तर्राष्ट्रिय मैथिली सम्मेलनमा डा.राजिव झालाई मिथिला रत्न सम्मान प्रदान गरिएको छ ।सामाजिक कार्यमा अतुलनीय योगदान पुर्‍याएको वापत भारतको देवघरमा आयोजित सम्मेलनमा झालाई 'मिथिला रत्न' सम्मान प्रदान गरिएको हो । झा क्लोथ बैंक नेपाल र नेपाल भारत खुला सीमा संवाद समूहका अध्यक्ष रहेका छन् ।




सम्मान समारोहमा विद्यापति सेवा संस्थानका अध्यक्ष डा. बैद्यनाथ चौधरी बैजुले झाको अथक प्रयास र समर्पणको प्रशंसा गर्दै उनको समाजसेवाले स्थानीय क्षेत्रमा उल्लेखनीय परिवर्तन ल्याएको बताए ।

विशेषगरी गरीबी निवारण, कोभिड महामारीको समयमा निःशुल्क औषधि, अक्सिजन सिलिन्डर, अक्सिजन कन्स्ट्रक्सन उपलब्ध गराउनु, डाक्टर हरूको टोलीमार्फत निःशुल्क सेवा पुऱ्याउनु, सीमावर्ती क्षेत्रका समस्याहरू समाधान गर्ने पहल र नेपाल-भारतको खुला सीमानाका पक्षमा उनले पुऱ्याएको योगदानलाई उल्लेखनीय मानिएको छ।

डा.झाले सम्मान ग्रहण गर्दै यो उपलब्धि आफ्नो आमा, बुवा, श्रीमती सोनी देवि झा, छोरा, छोरी दाइ, भाउजू, भाइ, बुहारी एवं समस्त परिवार, संस्थाका सम्पूर्ण पदाधिकारी र शुभचिन्तकहरूको सहयोगको परिणाम भएको बताए। साथै, उनले आगामी दिनमा अझ प्रभावकारी रूपमा समाजसेवामा समर्पित हुने प्रतिबद्धतासमेत व्यक्त गरेका थिए।

# निःशुल्क पशु स्वास्थ्य शिविर

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीको



सम्सी गाउँपालिकामा आयोजित निःशुल्क पशु स्वास्थ्य शिविरमा तीन हजार बढी पशुलाई स्वास्थ्य सेवा प्रदान गरिएको छ।

खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना धनुषाको आर्थिक एवं प्राविधिक सहयोगमा सम्सी २ र ५ मा आइतबार आयोजित सो निःशुल्क पशु स्वास्थ्य शिविरमा एक हजार सात सय बढी बाख्रा, एक हजार चार सय बढी गाई र भैंसीलाई विभिन्न स्वास्थ्य सेवा प्रदान गरिएको थियो।

आयोजनाका प्रमुख युगलकिशोर तिवारीका अनुसार शिविरमा पशुको गर्भ परीक्षण, प्रजनन जाँच, 'पिपिआर' खोप, 'एचएसबीक्यू' खोप, नाम्ले जुकाको औषधि, 'लिभर टनिक', 'मिनरल' र 'भिटामिन' वितरणलगायतका सेवा प्रदान गरिएको थियो।

यस क्षेत्रका बढी पशुहरुमा भित्री परजीवी र बाह्य परजीवीका कारण गर्भ नबस्ने समस्या बढी देखिएको उपचारमा संलग्न पशु सेवा विशेषज्ञ मुकेश पण्डितले जानकारी दिए। उनले यस्ता समस्या देखिएका पशुहरुलाई स्वास्थ्य सेवा प्रदान गर्नुका साथै गर्भ बस्ने औषधि वितरण गरिएको बताए।

त्यस्तै गाई, भैंसीलाई ' एचएसबीक्यू' खोप तथा औषधि मार्फत विभिन्न रोगको उपचार गरिएको छ। बाख्रामा 'पिपिआर ' खोप र औषधि मार्फत उपचार गरिएको पशु चिकित्सक रामशङ्कर शर्माले जानकारी दिए।

# नविल बैंकको जनकपुर शाखाका तत्कालीन प्रमुख ठगी आरोपमा पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम ।नविल बैंकका तत्कालीन शाखा प्रमुख किशोर साह पक्राउ परेका छन् । जनकपुरधामस्थित भानु चोक शाखाका तत्कालीन शाखा प्रमुख साह ठगी आरोपमा पक्राउ परेका हुन् ।

साहलाई धनुषा प्रहरीको सहयोगमा पक्राउ गरिएको छ। आइतबार जिल्ला अदालत, सिरहाबाट पाँच दिनको म्याद लिएर उनीमाथि थप अनुसन्धान शुरु गरिएको छ। उनीमाथि १ करोड ६० लाख रुपैयाँ ठगी गरेको आरोप छ।

प्रहरीका अनुसार उनीविरुद्ध उच्च अदालत, राजविराज इजलासबाट ठगी तथा अपराधिक विश्वासघात शीर्षकमा मुद्दा परमादेश भएर आएको छ । साह मिर्चैयास्थित तत्कालीन नेपाल बंगलादेश बैंकको शाखा प्रमुख हुँदा ऋणको रकम ठगी गरेको भनी मुद्दा परेको प्रहरीले जनाएको छ ।



गोलबजारको सीता फुड एण्ड बेभरेजकी सञ्चालिका गोलबजार नगरपालिका-४ की सोमिन्द्राकुमारी साहले २०७८ सालमा सो बैंकबाट ऋण लिएको १ करोड ६० लाख रुपैयाँ आफूले खाताबाट झिक्नुआगावै साहले विभिन्न व्यक्तिको नाममा फर्जी चेकमार्फत झिकेको जाहेरीमा दाबी गरेकी छन् ।

नेपाल बंगलादेश बैंक र नविल बैंक मर्ज भएपछि केही समय मिर्चैयास्थित नविल बैंकमा शाखा प्रमुखका रूपमा काम गरेका साह पछिल्लो समय जनकपुरधामस्थित शाखा प्रमुखका रूपमा काम गर्दै आएका थिए ।

# महानगरपालिकाको नियमित कार्यपालिका बैठक बस्न छाड्यो

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्ज महानगरपालिका कार्यालयमा चालु आर्थिक वर्ष ०८१/८२ को पाँच महिनामा एकपटक मात्र कार्यपालिका बैठक बसेको जनप्रतिनिधिहरूले बताएका छन्। महानगरमा प्रत्येक महिनामा एकपटक अनिवार्य बस्ने भनिएको कार्यपालिका बैठक पाँच महिना बितिसक्दा पनि एकपटक मात्र बसेको उनीहरूले बताएका छन्।

करिब दुई महिनाअगाडि कात्तिक २६ मा एकपटक कार्यपालिका बैठक मात्र बसेको वीरगञ्ज महानगरपालिका २० का वडाध्यक्ष रामकिशोर सिंह (पराग) ले जानकारी दिए। उनका अनुसार नगर विशेष सभा पुसभित्रमा गराउनुपर्ने भए पनि अहिलेसम्म बैठक बसाउन खासै तयारी नभएको गुनासो गरे।

गत कात्तिकमा महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मातृका भट्टराईको सरुवा भएपछि महानगरपालिकाको शैक्षिक प्रशासन महाशाखा प्रमुख अरविन्दलाल कर्णलाई निमित्त प्रमुख प्रशासकीय अधिकृत बनाउनलाई कार्यपालिका बैठकमा सहमति गराउन बैठक बसेको परागले बताए।




गत महिनाको अन्तिम सातामा निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी सम्हालेका कर्ण अहिले कार्यपालिका बैठक बसाउनुभन्दा पनि महानगरको शाखामा नीति र नियम कार्यान्वयनको कार्यमा लागेको कर्मचारी स्रोतले जनाएको छ।

स्रोतका अनुसार कर्ण प्रमुख प्रशासकीय अधिकृतको रूपमा जिम्मेवारी पाएदेखि पुस मसान्तसम्म नगर विशेष सभा गराउन तयारीमा नरहेको अवस्था छ। उनी अहिले वडा र शाखामा कर्मचारी अभाव भएको गुनासो बढेको गुनासो सुन्दै वडास्तरीय बैठकमा सहमति गराएर पत्र माग गरिरहेका छन्। साथै, कर्मचारी अभाव भएको शाखा र वडामा सहमतिपत्रको आधारमा कर्मचारीहरू पठाउने मात्र विभिन्न शाखा र वडाका जनप्रतिनिधि नै बताउने गरेका छन्।

महानगरपालिका गत आर्थिक वर्ष ०८०/८१ मा सम्पन्न भएको विकास निर्माणदेखि विभिन्न कार्यक्रमको भुक्तानी पनि रोकिएको अवस्था रहेको कर्मचारीहरूले बताएका छन्। महानगरपालिका लामो समयदेखि विभिन्न शाखामा कार्यरत रहेका करारका कर्मचारीहरूले पनि केही महिनादेखि तलब नपाएको गुनासो गरेका छन्।

महानगरका प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्णले असोज महिनापछि करारका कर्मचारीहरूको म्याद थप नभएको बताए। साथै, कार्यपालिका बैठक बसाउन आवश्यकता भएको समयमा अनिवार्य बैठक बस्ने उनले बताए।

## धुम्रपान र मद्यपान नगरौं, स्वस्थ जीवन बाँचौं

- धुम्रपान र मद्यपानले जाडो घट्ने वा हट्ने होइन,
- यसले मुटु, दम, श्वासप्रश्वास, क्यान्सरजस्ता दीर्घकालिन रोग लाग्न सक्छ,
- आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई त्यस्तो कुलतमा फस्न नदिऔं,
- कुलतमा रहेकाले त्याग्ने प्रण गरौं,
- धुम्रपानले तपाई र तपाईको परिवारका साथै नजिक रहेका व्यक्तिलाई समेत असर पुऱ्याउँछ।

त्यसैले,

धुम्रपान र मद्यपान नगरौं, स्वस्थ जीवन बाँचौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमा यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८